# अध्याय - एक

# परिचय (INTRODUCTION)

## १.१ पृष्ठभूमी

नेपाल विभिन्न जातजातिहरुको संगमस्थलको रुपमा रहेको छ । यहाँ वसोवास गर्ने प्रत्येक जाति वा समुदायले आफ्नो संस्कृति, रीतिरिवाज, सामाजिक संरचना तथा आर्थिक पक्षको विकास गरेर आफ्नो जातीय पहिचान प्रस्तुत गर्न थालेका छन् । एउटै राष्ट्र नेपालमा बस्ने कुनै एक जातिको एक पक्षमाथि कमी आउना साथ सिंगो मुलुकको विकासमा प्रभाव पर्ने हुनाले नेपालीहरुको वासस्थान हिमाल, पहाड, तराई, उपत्यकाको साथै नेपाल भरी बस्ने जातिहरुको सम्पूर्ण क्षेत्रहरुको उत्थान गरी एउटा मूल प्रवाहमा समेटिए मात्र देशको विकास हुन सक्दछ । मानव समुदायको हरेक क्रियाकलापलाई शिक्षाले हरपल हर क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । देश विकासमा त्यस देशको शिक्षा प्रणालीले सहयोग पुऱ्याएको हुन्छ । जुनसुकै देशको शिक्षा प्रणालीमा प्राथमिक शिक्षाले ज्यादै महत्वपूर्ण स्थान ओगट्न सफल भएको छ ।

शिक्षा बालबालिकाहरुको सर्वाङ्गीण पक्षको विकासका माध्यम हो । शिक्षाले सामाजिक सचेतनाको कार्य गर्दछ । समाजमा सामाजिक न्याय प्रतिस्थापन गर्दछ । राष्ट्रका हरेक नागरिकहरुले शिक्षा प्राप्त गर्नु जरुरी छ ।

शिक्षा बालबालिकाहरुको जन्मसिद्ध अधिकार हो । प्रत्येक व्यक्तिलाई शिक्षा पाउने अधिकार छ भन्दै बालबालिकाहरुका मौलिक अधिकारका रुपमा शिक्षालाई स्वीकार गरिएको कुरा संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धि घोषणापत्रमा भनिएको छ "Everyone has right to education, education shall be force at least in the elementary & fundamental stage...." (शर्मा २०६१: ३०१)

शिक्षा पाउनु बालबालिकाहरुको नैसर्गिक अधिकार हो (संयुक्त राष्ट्र संघको घोषणा पत्र) । शिक्षा विनाको जीवन अन्धकारमय हुन्छ । शिक्षाले बालकालिकाहरुको सुन्दर भविष्य निर्माण गर्दछ । हाम्रो देशको वर्तमान सन्दर्भमा विपन्न वर्ग, दलित, जनजातीका बालबालिकाहरु शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित भएकाछन् । यिनीहरु वञ्चित हुनुको मुख्य कारण गरिबी, घरको

कामकाज, अशिक्षा, परिवारको सामाजिक, सांस्कृतिक अवस्था आदिलाई लिन सकिन्छ । वास्तवमा जनजाती तथा विपन्न तथा पिछडिएका बालबालिकाहरुलाई विकासको मूल प्रवाहमा ल्याउन र तिनिहरुको जीवनस्तर वृद्धि गर्न शिक्षा नै सबैभन्दा उपयुक्त माध्यम हो । ती वर्गका बालबालिकाहरुको शैक्षिक पहुँच वृद्धि गर्ने राष्ट्रिय-अन्तराष्ट्रिय शैक्षिक संघ संस्था, सरकारी तथा नीजि क्षेत्रबाट ठूलो लगानी गरिएको पाइन्छ तर पनि यिनीहरुले अपेक्षित लाभ प्राप्त गर्न सकेका छैनन् ।

नेपालको शैक्षिक तथ्यांक २०५८ अनुसार २००७ सालमा ३२१ प्राथमिक विद्यालय रहेकोमा वर्तमानमा २४९४३ पुगेको छ तर प्राथमिक शिक्षामा जनजातीहरुको लागि अवसर र सहभागितामा कमी देखिन्छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले विद्यालयको सुविधा अवसर बढ्दैमा विद्यार्थी सहभागिता नबढ्ने देखाएकोछ । सुविधा पाएर पनि आदिवासी जनजाती वर्ग भौतिक अवसरबाट वञ्चित देखिन्छन् । शिक्षाको अवसर र सहभागिता बढाउने सम्बन्धमा खास गरी पारिवारिक आर्थिक स्थिति, सामाजिक एवम् सांस्कृतिक परिवेशका साथै विद्यालयमा सिकाइएको अनुकुल स्थितिले प्रभाव पार्ने कुरा उल्लेख गरिएको छ (अधिकारी, २०५९) ।

नेपाल ४ जात ३६ वर्णको साझा फूलबारी हो । विभिन्न भाषाभाषि, धर्मावलम्बीहरु तथा भिन्न सांस्कृतिक समुदायका मानिसहरु आपसमा मिलेर बसेका हुनाले नै नेपाललाई एउटा साझा फूलबारीका रुपमा लिइएको हो । यहाँ बसोवास गर्ने अधिकांश जनताहरु कुना कन्दरामा छरिएर रहेकोले उनीहरुमा शैक्षिक, आर्थिक र सांस्कृतिक विविधता रहनु स्वभाविकै हो । जनजाती र संस्कृतिको आधारमा हेर्दा पनि यहाँका मानिसहरु बीच ज्यादै नजिकको दूरीमा पनि विविधता पाइन्छ । विभिन्न जात-जाति र उनीहरुमा भाषा समेत फरक भएकाले पनि शिक्षा क्षेत्रमा सबैलाई समेटेर एकै प्रकारको शिक्षा दिनु चुनौतिपूर्ण विषय हुन आएकोछ र दुर्गम क्षेत्रमा छरिएर रहेका विविध संस्कृति, भाषा र रहनसहन भएका जातजातिलाई समेटेर एकै प्रकारको शिक्षा दिन गरिएको प्रयासको फलस्वरुप आज सम्म पनि ३०% प्राथमिक उमेरका केटाकेटीहरु विद्यालय आउन सकेकाछैनन् जसले गर्दा विद्यालयमा गरिने लगानीले खास प्रतिफल पाउन सकिरहेकोछैन (सेरिड, २०५८) ।

नेपाललाई जनजातीहरुको देश पनि भन्ने गरिन्छ । नेपालमा ५९ जनजातीहरु रहेका छन् । राष्ट्रिय जनजाती विकास समितिका अनुसार नेपालमा ५९ जनजातीहरु वसोवास गरिरहेका छन् । जनसंख्याको ४३% जनजातीहरु रहेका कारणले नै नेपाललाई जनजातीहरुको

देश भनेर समेत चिनिन्छ । जनजातीहरुको आफ्नै भाषा, संस्कृति, रीतिरिवाज र चालचलन हुने गर्दछ । पूर्व मेचि देखि पश्चिम महाकालीसम्म विभिन्न क्षेत्रहरुमा छरिएर रहेका छन् । यिनीहरुको आफ्नै जीवन पद्धति छ । यी जनजातीहरु हिमालदेखि पहाडी भेग, भित्रि मधेश र तराईमा छरिएर रहेका पाइन्छन् । यी जनजातीहरुका आ-आफ्नै परम्परा, रीतिथिति, भाषा तथा संस्कृति रहेको पाइन्छ । नेपालका आदिवासीहरु गुरुङ्ग, राई, लिम्बु, तामाङ्ग, थारु, थकाली, सुनुवार, दनुवार, धामी जिरेल, सतार, शेर्पा आदि सरह याख्खाहरुलाई पनि लिइन्छ । यो जाति पुर्वी नेपालको पल्लो किराँतमा रहने जातिहरु जस्तै प्राचीन जाति हो । यो जाति लिम्बु र राईहरुको जनसंख्या भन्दा अल्पमतमा छ । यस जातिलाई वि.सं. २०५९ सालमा नेपाल आदिवासी जनजाती उत्थान प्रतिष्ठानले छुट्टै पहिचान र अस्तित्व भएको एउटा जनजाती भनि मान्यता प्रदान गरेको थियो । यस जातिको मुख्य बसोवास संखुवासभा जिल्ला हो । संखुवासभा जिल्लाको पनि आँखिभुई, माम्लिङ्ग तामाफोक र मादी मूलखर्क गा.वि.स.मा बहुसंख्यक याख्खा जातिहरुको बसोवास रहेको पाइन्छ । नेपालमा याख्खा जातिहरुको जम्मा जनसंख्या १७,००३ रहेको छ । जसमा पुरुषहरु ८,१३२ र महिलाहरु ८८७१ जना रहेका छन् । नेपालको जम्मा जनसंख्याको ०.०८% जनसंख्या मात्र याख्खाहरुको पाइन्छ । संखुवासभा जिल्लालाई नै उत्पत्ति स्थलको रुपमा लिने याख्खा जातिहरु ७००१ जनसंख्या अहिलेसम्म पनि सोही स्थानमा बसोबास गरिरहेका छन् । संखुवासभा जिल्लाको विभिन्न गा.वि.स. हरुमा छरिएर रहेका याख्खा जातिहरुको मुख्य वसोवास भएका गा.वि.स हरु भने थोरै मात्र छन् । जम्मा जनसंख्याको ०.०७% याख्खाहरु आफ्नो मातृभाषामा कुराकानी गर्दछन् । मातृभाषा बोल्न जान्ने याख्खाहरुको जनसंख्या १४,६४८ पाइन्छ जसमा महिलाहरु ७६३९ र पुरुषहरु ७००९ रहेका छन् ।

एउटा आफ्नै मौलिक परम्परा, धर्म, संस्कृति बोकेको जाति याख्खा हो । यो जातिको बारेमा अहिले सम्म कुनै क्षेत्रबाट खोज तथा अनुसन्धान भएको पाइदैन । छिटफुट लेख, रचनाहरु मात्र उपलब्ध भएकाछन् । एक दुईवटा शोधपत्रहरु याख्खा जातिका धार्मिक, सांस्कृतिक अवस्थाहरुमा केन्द्रित रहेर गरिएकाछन् । यी जातिका प्राथमिक विद्यालयमा बालबालिकाहरुको शैक्षिक अवस्थाको बारेमा खोज गर्नु आवश्यक देखिन्छ । थोरै जनसंख्या भएर पछिल्लो समयमा एउटा जनजातीका रुपमा चिनाउन सफल याख्खा जातिका बालबालिकाहरुको शैक्षिक अवस्था खोज गर्नु अध्ययनकर्ताको रुचि थियो । त्यसैले यस जातिको शैक्षिक अवस्थालाई अध्ययन गर्ने जमर्को गरिएको थियो ।

## १.२ समस्याको कथन

प्राथमिक विद्यालय तहमा प्राथमिक विद्यालय उमेर समूहका बालबालिकाहरुलाई शत प्रतिशत बनाउन विभिन्न कार्यक्रमहरु संचालित छन् । सन् १९९० को जोमटियन सम्मेलनमा समेत नेपालले आफ्नो सहभागीता जनाइ प्रतिवद्धता जाहेर गरेको थियो । शिक्षा मन्त्रालयबाट साक्षरता सतप्रतिशतलाई पुऱ्याउन विभिन्न कार्यक्रमहरु योजनाबद्ध रुपमा संचालन गर्दै आइरहेकोछ । तर पनि आर्थिक, सामाजिक तथा धार्मिक रुपमा पछि परेका जनजातीहरु अझै पनि शिक्षाको मूलधारबाट बाहिर छन् । सन् २००४ को शैक्षिक तथ्यांकका अनुसार प्राथमिक विद्यालय उमेर समूहका सबै जातजातिका ८६% बालबालिकाहरु विद्यालय भर्ना हुन सकिरहेका छैनन् । याख्खा जातिका प्राथमिक विद्यालय उमेर समूहको बालबालिकाहरुको साक्षरता प्रतिशत बारेमा कुनै छुट्टै गणना भएको पाइदैन । तर पनि यी बालबालिकाहरुको शैक्षिक सहभागिता कस्तो रहेको छ ? भनेर खोज गर्नु सान्दर्भिक देखिन्छ । त्यसकारण यस शीर्षकलाई अनुसन्धानकर्ताले एउटा समस्याको रुपमा लिएको थियो ।

संखुवासभा जिल्लाका याख्खा जातिहरुको जम्मा जनसंख्या ७००१ रहेको छ । जसमध्ये आँखिभुई गा.वि.स.मा २०३८ जनसंख्या छ । यस गा.वि.स. मा रहेका याख्खा जातिहरुको मुख्य पेशा कृषि हो । यस जातिका बालबालिकाहरुको शैक्षिक अवस्थाका बारेमा किटान गरिएको छैन । विद्यालयमा भएको शैक्षिक वातावरण, अभिभावकहरुको शिक्षाप्रतिको धारणा, भौगोलिक विकटता, आर्थिक विपन्नता, अशिक्षित अभिभावकहरु, पारिवारिक कलह आदि कारणले गर्दा विद्यालयमा याख्खा जातिका बालबालिकाहरुको विद्यालय भर्नादर तथा शैक्षिक उपलब्धि स्तर न्यून रहेको पाइन्छ । याख्खा जातिका बालबालिकाहरुको प्राथमिक विद्यालयमा शैक्षिक सहभागिताको स्थिति, तिनीहरुको शैक्षिक उपलब्धि स्तर, तथा प्राथमिक विद्यालय सहभागितामा देखिएका समस्याहरु पहिचान गर्न आवश्यक देखिन्छ । प्राथमिक विद्यालय उमेर समूहका याख्खा जातिका बालबालिकाहरुका शैक्षिक अवस्था पहिचान गर्न, शैक्षिक उपलब्धि स्तर पत्ता लगाउन तथा प्राथमिक विद्यालय विद्यार्थीहरुको सहभागितामा समस्याहरु पहिचान गर्न निम्न अनुसन्धानात्मक प्रश्नहरु समस्याको रुपमा लिइएको थियो ।

- याख्खा बालबालिकाहरु के कति विद्यालय भर्ना भएका छन् ?

- याख्खा बालबालिकाहरुको उपस्थिति के कस्तो छ ?
- तिनीहरुको उपलब्धि स्तर के कस्तो रहेको छ ?
- कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृति के कस्तो छ ?
- याख्खा बालबालिकाहरुको शैक्षिक समस्याहरु के के छन् ?
- विद्यालय शिक्षाप्रति याख्खा अभिभावकहरुको धारणा के कस्तो छ ?
- याख्खा बालबालिकाहरुको विद्यालय शिक्षामा सहभागिता कसरी बढाउन सकिन्छ ?

उक्त प्रश्नहरुमा केन्द्रीत रही यो अध्ययन गरिएको थियो । यो अध्ययनको शीर्षक "संखुवासभा जिल्ला आँखिभुई गा.वि.स.का याख्खा बालबालिकाहरुको शैक्षिक अवस्था" राखिएको थियो ।

**१.३ अध्ययनको उद्देश्यहरु**

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार राखिएको थियो ।

(क) प्राथमिक विद्यालयमा याख्खा बालबालिकाहरुको शैक्षिक सहभागिताको स्थिति पहिचान गर्नु,

(ख) याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर लेखाजोखा गर्नु,

(ग) याख्खा बालबालिकाहरुको प्राथमिक विद्यालय सहभागितामा देखिएका समस्याहरु केलाउनु ।

**१.४ अध्ययनको औचित्य**

हाम्रो देश विभिन्न जातजाति, भाषामाथि र संस्कृतिले भरिएको एक बहुजातिक, बहुभाषिक, बहुसंस्कृति बोकेको मुलुक हो । शैक्षिक सन्दर्भमा समाजका पिछडिएका समुदायको सहभागिता सन्तोषजनक बनाउन तिनीहरुको पहुँचलाई अभिवृद्धि गर्ने र गुणस्तर अभिवृद्धि गर्ने तर्फ जोड दिइएको पाइन्छ । शिक्षाको राष्ट्रिय उद्देश्यमा सबै जातका बालबालिकाहरुलाई शिक्षामा समान अवसर दिने भनी उल्लेख गरिएको पाइन्छ तर पनि यसको कार्यान्वयन पक्षमा कमजोरी रहेको पाइन्छ । शिक्षामा सम्पूर्ण जातजाति, भाषाभाषिका बालबालिकाहरुको समान अवसर र पहुँच अभिवृद्धि गर्ने कार्यक्रमहरु प्रशस्त मात्रामा वृद्धि गरे तापनि दलित र पिछडिएका जनजाती, आदिवासी समूदायका बालबालिकाहरुको पहुँच कम छ । समग्रमा भन्दा प्राथमिक विद्यालय उमेर समूहका बालबालिकाहरु मध्ये याख्खा जातिका बालबालिकाहरुको शिक्षामा

सहभागिता कम छ । यसै पृष्ठभूमिमा याख्खा जातिका बालबालिकाहरुको शिक्षाको स्तर कस्तो छ ? भनेर पहिचान गर्नु, विद्यालय भर्नादर, कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृत्ति, शैक्षिक उपलब्धि स्तर, शैक्षिक निरन्तरता, शिक्षाप्रतिको धारणा आदिका बारेमा अध्ययन गर्नु र तिनीहरुको शैक्षिक गुणस्तरलाई कसरी वृद्धि गर्न सकिन्छ ? भनेर खोज गर्नु यो अध्ययनको औचित्य हुनेछ । याख्खा जातिका बालबालिकाहरुको शैक्षिक अवस्थाका बारेमा कुनै पनि अध्ययन अनुसन्धान नगरिएको अवस्थामा प्राथमिक विद्यालय तहमा याख्खा बालबालिकाहरुको शैक्षिक अवस्था, शैक्षिक उपलब्धि स्तर र शैक्षिक सहभागितामा देखिएका समस्याहरु पहिचान गर्नु आवश्यक देखिन्छ । अध्ययनकर्ता याख्खा समुदायमा स्थायी वसोवास भएको सांस्कृतिक र भाषिक रुपमा केही जानकार भएको हुनाले र यस जातिका बालबालिकाहरुको शैक्षिक अवस्थाका बारेमा गहन अध्ययन गर्ने रुचि भई यस विषयमा अध्ययन गर्न खोजिएको थियो । यस अध्ययनबाट शिक्षासंग सम्बन्धित शिक्षाविद्, योजनाविद्, पाठ्यक्रमविद्, शिक्षकहरु, अभिभावकहरु तथा शिक्षासंग चासो राख्ने र याख्खा जातिका बारेमा अध्ययन गर्ने सम्पूर्ण व्यक्तिहरुलाई यो अध्ययनले सहयोग पुऱ्याउने छ । याख्खा जातिका प्राथमिक विद्यालय उमेर समूहका बालबालिकाहरुको शैक्षिक अवस्थाको बारेमा कुनै अध्ययन अनुसन्धान नभएको अवस्थामा यो अध्ययन आवश्यक देखिन्छ । यी बालबालिकाहरुको शैक्षिक स्थितिलाई अध्ययन गरी त्यसैका आधारमा शिक्षाको स्तरमा वृद्धि गर्न सकिन्छ । यि बालबालिकाहरुको शैक्षिक अवस्थाका बारेमा समय मै ध्यान पुऱ्याउन सकेमा प्राथमिक विद्यालयमा याख्खा बालबालिकाहरुको भर्ना अभियानमा समेत टेवा पुऱ्याउन सहयोग पुग्नेछ । त्यसैले यो अध्ययन आफैमा महत्वपूर्ण छ ।

## १.५ अध्ययनको सिमाङ्कन

कुनै पनि अध्ययनको निश्चित सीमा हुन्छ । अध्ययन क्षेत्रलाई सीमाभित्र राख्न सकिएमा अध्ययनकार्य सरल र सहज हुन्छ । यसले निश्चित बाटोमा दौड्ने मौका पाउँछ । त्यसैले समय, श्रम र स्रोतलाई केन्द्रविन्दुमा राख्दै यस अध्ययनलाई निम्न सीमा भित्र सीमित गरिएको थियो ।

(१) संखुवासभा जिल्लाको आँखिभुई गा.वि.स. का ९ वटा वडाहरु मध्ये ४ वटा वडा (१, ३, ७, ९) लाई मात्र अध्ययन क्षेत्रका रुपमा समेटिएको थियो ।

(२) आँखिभुई गा.वि.स. का १५ वटा प्राथमिक/निम्न माध्यमिक/माध्यमिक विद्यालयहरु मध्ये १, ३, ७, ९ वडाबाट ४ वटा प्राथमिक विद्यालयहरुलाई मात्र समावेश गरिएको थियो ।

(३) अध्ययन क्षेत्रका प्रत्येक वडाबाट २५% घरपरिवारमा अध्ययन सिमित गरिएको थियो ।

(४) प्राथमिक विद्यालय तहमा याख्खा जातिका बालबालिकाहरुको शैक्षिक अवस्थामा मात्र यो अध्ययन केन्द्रित गरिएको थियो ।

(५) विद्यालयको रेकर्ड/विवरण, घरधुरी सर्वेक्षण, शिक्षक, अभिभावक, विद्यार्थीहरुको प्रतिक्रियाबाट प्राप्त सूचनामा अध्ययन सीमित गरिएको थियो ।

(६) यो अनुसन्धान याख्खा जातिका बालबालिकाहरुको शैक्षिक सहभागिता (भर्नादर, कक्षा छाड्ने र दोहोर्‍याउने, दैनिक उपस्थिति, शैक्षिक उपलब्धि स्तर (अघिल्लो वर्षको), शैक्षिक निरन्तरता, प्राथमिक विद्यालय सहभागितामा देखिएका समस्याहरु आदिमा मात्र यो अध्ययन केन्द्रित गरिएको थियो ।

## १.६ अनुसन्धानमा प्रयोग गरिएका शब्दहरुको परिभाषा

**(क) याख्खा जातिः** याख्खा जाति आदिवासी जनजातीहरुको एउटा प्रकार हो । यो जाति २०५९ साल पछि आदिवासी जनजाती उत्थान प्रतिष्ठानले मान्यता दिएर अस्तित्वमा आएको देखिन्छ ।

**(ख) बालबालिकाः** बालबालिका भन्नाले याख्खा समूदायका प्राथमिक विद्यालय उमेर समूहका ( ६-१० वर्ष) केटाकेटीहरु भन्ने बुझिन्छ ।

**(ग) विद्यार्थीः** याख्खा जातिका प्राथमिक विद्यालय उमेरका र प्राथमिक विद्यालयमा भर्ना भई अध्ययनरत छात्रछात्रा भन्ने बुझिन्छ ।

**(घ) अभिभावकः** प्राथमिक विद्यालय तहमा अध्ययनरत याख्खा बालबालिकाहरुका अभिभावकहरुलाई बुझिन्छ ।

**(ङ) शिक्षकः** शिक्षक भन्नाले अध्ययन क्षेत्रका प्राथमिक तहमा अध्यापन गरिरहनु भएका गुरुवर्गहरुलाई बुझिन्छ ।

(**च**) **शैक्षिक सहभागिता**: शैक्षिक सहभागिता भन्नाले बालबालिकाहरुको भर्नादर, कक्षा छाड्ने र दोहोऱ्याउने तथा दैनिक उपस्थितिदरलाई भन्ने बुझिन्छ ।

(**छ**) **शैक्षिक उपलब्धि**: शैक्षिक उपलब्धि भन्नाले याख्खा तथा गैर याख्खा बालबालिकाहरुको उत्तिर्णदर, अनुत्तिर्णदर र शैक्षिक निरन्तरतालाई बुझिन्छ ।

# अध्याय - दुई

## पूर्वसाहित्यको समीक्षा (REVIEW OF LITERATURE)

संसारका विभिन्न विषय र समस्याहरुमा विभिन्न विद्वान तथा अनुसन्धानकर्ताहरुले खोज, अध्ययन तथा अनुसन्धान गरिरहेका छन् । कुनै पनि क्षेत्रका विषय तथा समस्याहरुमा अध्ययन अनुसन्धान गर्नु आजको आवश्यकता पनि हो ।

नेपालमा जातिय व्यवस्था तथा जातिय विभाजन धेरै पहिले देखि भएको पाइन्छ । प्रारम्भमा जाति व्यवस्था श्रम विभाजन तथा व्यक्तिहरुलाई क्षमता अनुसारको पेशा प्रदान गर्ने क्रममा शुरु भए तापनि राजा मनुले जन्मका आधारमा स्थायी सामाजिक विभाजन गरेको हुनाले पछि यसैबाट जाति व्यवस्था सिर्जना भएको पाइन्छ । नेपालका विभिन्न जनजातीहरु मध्ये याख्खा जाति पनि एक हो । यस जातिका बारेमा खासै अध्ययन भएको देखिदैन । केहि फुटकर लेखहरु, विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित भएका लेखहरु र विभिन्न विद्धानहरुले विभिन्न संघ संस्थामा प्रस्तुत गरेका प्रतिवेदनहरु मात्र भेटिएका थिए । यस जातिका बारेमा त्रिभुवन विश्वविद्यालयका विभिन्न संकायमा स्नातकोत्तर उपाधि पूरा गर्न प्रस्तुत गरिएका शोधपत्रहरुलाई द्वितीय स्रोतका रुपमा लिइएको थियो । अध्येताको जानकारीमा आएका अध्ययन अनुसन्धान विषयसंग संबन्धित, यस अध्ययनबारे सहयोग पुऱ्याउने तथा याख्खा जातिका बारेमा प्राप्त साहित्यको समीक्षा निम्नानुसार उल्लेख गरिएका छन् ।

### २.१ सैद्धान्तिक साहित्यको समीक्षा

*Entitlement Theory of Justice(Rawls,J.1971)* का अनुसार आधुनिक प्रजातन्त्रमा समानता, योग्यता तथा आवश्यकतालाई आधार मानेर न्यायलाई हेरिनु पर्छ । सुविधायुक्त वर्ग नहोस्, कानुनका दृष्टिमा सबै समान हुन् भन्ने यस सिद्धान्तको मुख्य मर्म हो । आर्थिक तथा सामाजिक न्याय विभेदरहित आधारमा होस् । राजनीतिक न्याय अन्तरगत राजनीतिक क्रियाकलाप सहभागितामा आधारित होस् । तर समानता हुँदैमा न्यायपूर्ण समाज हुन्छ भन्ने मिल्दैन । किनभने व्यक्तिहरु विभिन्न किसिमले फरक छन् । त्यसैले उनीहरुलाई विभिन्न किसिमको उपचार गरिनुपर्छ । भनिन्छ समानलाई समान ढंगले र असमानलाई असमान ढंगले न्याय दिनुपर्छ (Equal should be treated equal and unequal, unequally) । व्यक्तिको

योग्यता क्षमता र आवश्यकता अनुसार उसलाई शिक्षा र न्यायको अवसर प्रदान गर्नुपर्छ भन्ने जस्ता कुराहरु देखिन्छ ।

*Stratification Theory* का अनुसार समाज विभिन्न जातिगत विविधता रहेको हुन्छ । जातकै आधारमा समाज विभिन्न विभिन्न खण्डमा (Sigmental Division of Society) बाँधिने गर्दछ । जाति अनुसार नै खानपान, सामाजिक सम्बन्ध, पेशा, शिक्षा आदिका कारण समाज विभिन्न तहमा विभाजित भएको हुन्छ भने जातिगत व्यवहारका कारण नै समाज आर्थिक, राजनैतिक र सामाजिक आधारमा असमानताको स्थिति समाज रहन्छ । वर्तमानमा सामाजिक वर्ग (Social class) र सामाजिक पद (Social status) का आधारमा समाज विभिन्न तहमा स्तरीकृत छ । समाज विभिन्न पेशामा र विभिन्न समुदायमा विभक्त छ । पेशागत स्तरीकरण लिंग, धर्म, उमेर, शिक्षा, आदिका आधारमा विभिन्न तहमा बाँधिएको छ । खास गरी आर्थिक आधारमा वर्तमान समाजलाई नियाल्दा हुने खाने वर्ग (haves) र गरिब वर्ग (have not) मा स्तरीकृत छ । अझ आर्थिक आधारमा उच्च (upper), मध्यम (middle) र निम्न (lower) वर्गमा समान स्तरीकृत छ । समाजमा धनी वर्गको राजनीतिक, शैक्षिक, पेशागत, व्यवसाय आदिमा पहुँच बढी रहेको पाइन्छ । गरीब वर्ग पहुँच विहिन बन्दै गएको पाइन्छ । धनी वर्गका अभिभावकहरुका बालबालिकाहरुले शिक्षाको सुअवसर पर्याप्त पाएका छन् । भने गरिब वर्गका बालबालिकाहरुका लागि त्यो अवसर प्राप्त हुन सक्दैन । समाजमा सामाजिक स्तरीकरण (Social Stratification) र सामाजिक असमानता (Social inequality) को मूल आधार नै आर्थिक पक्ष हो भन्ने जस्ता विषय वस्तुलाई जोड दिएको पाइयो ।

Social Stratification is the dividion of society permanent groups or categories linked with each other by the relationship of superiority and subordination. (Ginsberg).

*'Symbolic Interactions Theory'* (Erving Goffman, 1969) का अनुसार मानिसले सामाजिक परिस्थितिसंग समायोजन हुनका लागि आफ्नो प्रतिविम्व (Self image) आफै बनाउँछ । यस्तो प्रतिविम्ब निर्माण गर्दा व्यक्तिले आमाबाबु, घरपरिवार, समाज, साथीभाई लगायत अन्तरक्रियामा आएका विभिन्न व्यक्तिहरुसंग गरेको व्यवहार, संचार तथा कार्यकलापहरुबाट प्राप्त गर्ने गर्दछ । व्यक्तिले जस्तो जस्तो भूमिका निर्वाह गर्दछ त्यस्तै प्रकारको व्यवहार निर्माण गर्दछ । प्रदर्शन समेत गर्दछ । अझ स्पष्ट रुपमा भन्न पर्दा व्यक्तिले आफ्नो वाल्यकालदेखि बुढेसकालसम्म विभिन्न वातावरण र संगतबाट प्राप्त गरेका अनुभवका आधारमा

विभिन्न व्यक्तिहरुसंग विभिन्न व्यवहार गर्ने गर्दछ । यस्ता व्यवहारलाई संकेतहरु भनिन्छ । व्यक्तिका सम्पूर्ण व्यवहारहरुको निर्माण शिक्षाबाट हुने गर्दछ । व्यक्तिको सिक्ने क्रम जन्मेदेखि नमरुञ्जेल सम्म हुन्छ भन्ने भनाई यस लेखमा उल्लेख गरेको पाइयो ।

## २.२ सम्बन्धित साहित्यको समीक्षा

जिमी, (२०५७) *'छाँयामा परेको जनजाती याख्खा'* का अनुसार याख्खाहरुको प्राचिन थलो वा उत्पति थलो जहाँसुकै भए पनि कोशी अञ्चलको संखुवासभा जिल्लाको दक्षिणी भू-भाग याख्खा जनजातीको प्रमुख बसोबास थलो हो । किनकी यस ठाउँमा परापूर्व कालदेखि यिनीहरु वसोवास गर्दै आएको कुरा साहित्यमा फेला पार्न सकिन्छ । याख्खाहरुको लिखित इतिहास थाहा नपाए पनि यस ठाउँमा विभिन्न क्षेत्र, गाउँठाउँहरुको नाम याख्खा भाषाबाट राखिएको कुरा यस लेखमा पाउन सकिन्छ ।

दाहाल, (२०३९) *"संखुवासभा जिल्लाका याख्खा जातिको सामाजिक, सांस्कृतिक अध्ययन"* नामक शोधपत्रका अनुसार याख्खा नेपालका विभिन्न ठाउँहरुमा रहने अन्य जातिहरु जस्तै पूर्वी नेपालको पल्लो किराँतमा रहेका अन्य जातिहरु जस्तै प्राचिन जाति हो । यो जाति लिम्बू र राईहरुको जनसंख्या भन्दा अल्पमतमा रहेकाछन् । यिनीहरुको शैक्षिक अवस्था पनि कमजोर रहेको पाइन्छ । त्यसैले यिनीहरुको स्वतन्त्र अस्तित्वको खोजी हुनु पर्ने कुरा उल्लेख गर्नु भएको पाइन्छ ।

CERID, (1990) *"Educationally Disadvantaged Population Group"* नामक प्रतिवेदनका अनुसार नेपालको पिछडिएको समुदायका मानिसहरुको शैक्षिक स्थिति देखाइएको छ । परिवारको कमजोर सामाजिक, आर्थिक अवस्था, अशिक्षाको कारणबाट प्राथमिक विद्यालय तहमा बालबालिकाहरुको शैक्षिक सहभागिता बढाउन सकिएको छैन । यस्ता सामाजिक, आर्थिक, सांस्कृतिक तत्वहरुमा छिटो विवाह, अभिभावकहरुको छोरीलाई शिक्षा दिनु पर्छ भन्ने सकारात्मक धारणाको विकास नहुनु, विद्यालयसंगको संबन्ध आदि रहेको देखाइएको छ ।

*"राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९)"* को अनुसार सांस्कृतिक विविधता भएका सबै समुदायलाई आफ्नो भाषा, धर्म लिपिको संरक्षण गर्ने अवसर प्रदान गर्न सकिने देखिन्छ त्यसैले सामाजिक र आर्थिक दृष्टिकोणबाट पछि परेका समुदायलाई राष्ट्रिय मूल धारमा समाहित गर्न पिछडिएका वर्ग/समुदायहरुका लागि शिक्षाको विशेष व्यवस्था गर्नुपर्ने आवश्यकता छ । देशका विभिन्न भागमा वसोवास गरिरहेका विभिन्न राष्ट्रिय भाषा बोल्ने समुदायका

बालबालिकाहरुलाई मातृभाषामा प्राथमिक शिक्षा प्रदान गर्न राष्ट्रिय नीति र योजनाको तर्जुमा गरी यसप्रति प्रोत्साहित गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । क्षेत्रीय पाठ्यक्रमको अवधारणालाई पनि आयोगले अगाडि सार्दै कुनै विद्यालय वा समुदायले आफ्नो क्षेत्रभित्र छुट्टै पाठ्यक्रम तयार गरी लागु गर्न चाहेमा शिक्षा मन्त्रालयको स्वीकृति लिई आफ्नो पाठ्यक्रम लागु गर्न सकिने कुरा समावेश गरिएको छ ।

CERID (1988) द्वारा प्रस्तुत *"Universalization of Primary Education of Disadvantaged Population Group"* प्रतिवेदनमा पिछडिएका समुदायका केटाकेटीले विद्यालय छाड्ने कारण प्रस्तुत गरेको छ । बालबालिकाहरुले विद्यालय छाड्ने कारणहरु विद्यालयको वातावरण उचित नहुनु, शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थीको दैनिक जीवनसंग सम्बन्धित नहुनु, केटाकेटीहरुलाई समूहमा समायोजना हुन समस्या पर्नु, बसाई सराइ, गाउँका केटाकेटीहरु कमजोर स्वास्थ्य र कुपोषणबाट पिडित हुनु, ग्रामीण केटाकेटीको लागि विद्यालय समय उचित नुहुनु, शिक्षाबाट तुरुन्तै फाइदा नपाउनु, श्रव्य-दृष्य र शैक्षिक सामग्रीहरुको कमी र उपलब्ध नहुनु जस्ता पक्षहरुलाई समेटिएको छ ।

भट्टराई, (२०६१) *"प्राथमिक शिक्षामा दलित विद्यार्थीहरुको सहभागिता"* शोधपत्रका अनुसार बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरुमा कमजोर आर्थिक अवस्था, विद्यालय पोशाक, भर्ना शुल्क, किताब कपी र कलम किन्ने पैसाको अभाव, आवश्यक परेको समयमा रुपैया पैसा सापटी पाउन गाह्रो हुनु, शिक्षाबाट तुरुन्त फाइदा नपुग्नु, छिटै आर्थिक लाभ प्राप्त हुने काम तिर आकर्षित हुनु, प्रत्येक दिन काम नगरी खान नपाउने अवस्थ, लैगिंक विभेद, विद्यालयहरुमा आवश्यक पर्ने महंगो पाठ्यपुस्तक र मासिक शुल्क, छिटो विवाह गर्ने चलन, घरपरिवारमा शैक्षिक वातावरण नहुनु आदीलाई समेटिएको छ ।

पौडेल, (२०५९) को *"नेपालमा सामाजिक न्यायः आन्दोलन र मुद्दाहरु"* नामक लेखका अनुसार जनजाती समूहमा रहेका अधिकांश समूहहरु आर्थिक, शैक्षिक रुपमा पछि परेका छन्, राजनीति तथा प्रशासनमा पहुँच कम छ । आर्थिक तथा सांस्कृतिक पहिचान लोप हुने स्थितिमा रहेको छ । खास गरी ग्रामीण र विपन्न समुदायमा रहेका बालबालिकाहरुका लागि कृषि तथा उद्योग व्यवसायमा काम गर्ने परिवारका बालबालिकाहरुका लागि विद्यालयको उचित प्रबन्ध र अन्य वैकल्पिक शिक्षाका अवसरहरुको कमी रहेको छ । अर्कातिर शैक्षिक सुविधा र शिक्षा दिने प्रक्रिया बालसुलभ नदेखिएकोले पनि त्यस्ता बालबालिकाहरुलाई विद्यालयमा ल्याउने र विद्यालय मै राखेर निश्चित तह पूरा गराउने कार्यमा कठिनाई देखिएको छ । शिक्षाले भविष्यमा रोजगारी

दिन्छ भन्ने कुरामा विश्वास नभएर र विद्यालयको वातावरण रमाइलो नभएर बालबालिकाहरु विद्यालयमा बसिरहन भन्दा कामको खोजीमा जाने वा अभिभावकले गर्ने काममा लाग्ने गरेका छन् ।

*"नेपालमा ग्रामिण क्षेत्रको शिक्षामा सहभागितामा प्रभाव पार्ने तत्वहरु"* सम्बन्धि अध्ययन (CERID 2000) का अनुसार ग्रामिण क्षेत्रका प्राथमिक बालबालिकाहरुको सहभागितामा प्रभाव पार्ने तत्वहरुमा परिवारको आय स्रोत, अभिभावकको शिक्षा, घरायसी कामकाज, विद्यालयको दूरी तथा सम्बन्ध, सामाजिक मूल्य, मान्यता तथा परम्परा जस्ता कारण रहेको पाउन सकिन्छ, ग्रामिण क्षेत्रका ४५% बालबालिका विद्यालय जाने उमेर भन्दा ढिलो विद्यालय जान्छन्, ६% बालबालिकाहरु प्रत्यक्ष आय आर्जन कार्यमा संलग्न रहेको पाइएको छ । ४०% बालबालिकाहरु नियमित पठन पाठनमा संलग्न रहेको पाइयो । जातीय समानता पहाडको भन्दा तराइको कम पाइयो । जातीयताको भावना र भाषिक समस्याले भिन्न भाषा बोल्ने जनजातीका बालबालिकाहरुको शैक्षिक सहभागिता कम रहेको पाइयो ।

*"दशौं योजना (२०५९-२०६४)"* का अनुसार आदिवासी तथा जनजातीको सर्वाङ्गीण विकास गरी समतामूलक समाजको निर्माण गर्ने, शिक्षा, स्वास्थ्य र रोगजारीका अवसरहरु उपलब्ध गराउने, उनीहरुको सांस्कतिक सम्पदाहरुको सम्बर्द्धन गर्ने, परम्परागत सीपको विकास र आधुनिकीकरण गर्ने, राष्ट्रिय मूल प्रवाहमा ल्याउने कार्यक्रम कार्यान्वयन गर्ने । त्यसैगरी प्राथमिक तहको खुद भर्नादर ९० प्रतिशत पुऱ्याउने, महिला शिक्षिकाको अनुपात ३० प्रतिशत पुऱ्याउने, प्रतिवर्ष ४ लाख ५० हजार बालबालिकाहरुलाई पौष्टिक आहर उपलब्ध गराउने, महिला, पिछडिएका वर्ग जनजाती तथा आर्थिक रुपमा पछि परेका बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गर्ने लक्ष्य राखेको छ । प्राथमिक विद्यालय तहमा बालबालिकाहरुको भर्नादर बढाउन अभिभावकहरुका लागि सचेतता कार्यक्रम लागु गर्ने बालविकास केन्द्रहरु स्थापना गर्ने विभिन्न जातजाति तथा भाषिक समूहका बालबालिकाहरुको शिक्षामा संलग्नता बढाउन मातृभाषामा शिक्षा प्रदान गर्ने कार्यक्रमहरुलाई प्रोत्साहन गर्ने र सबै क्षेत्र, जाति, लिंग, पिछडिएका समुदाय आदिमा शिक्षाको पहुँच पुऱ्याउने कार्यक्रमहरु समेटिएका छन् ।

*"Educational Pages Ashadh (1-15, 2063)"* मा प्रकाशित "कक्षा एकको सुधारमा देखिएका समस्या र समाधान गर्न सकिने प्रयासहरु" शीर्षक लेखमा उल्लेख भए बमोजिम हाम्रो देश नेपालमा प्राथमिक तहमा भर्ना ८६.२% छ । यो तथ्यांक हेर्दा १३.८% बालबालिकाहरु विद्यालय शिक्षाबाट वञ्चित छन् भने अर्कातिर भर्ना भएका बालबालिकाहरुमध्ये १४.५% ले

विभिन्न कारणले कक्षा छोड्ने तथा ३०.४% ले कक्षा दोहोऱ्याउने गर्दछन् । यसको असर विद्यार्थी स्वयं, निजका अभिभावकहरु, समुदाय र अन्त्यमा मुलुकलाई नै पर्ने भएकोले बेलैमा सम्बन्धित सबैले सोची सो संख्यामा कमी ल्याउन आवश्यक पहल गर्नु पर्दछ । यसरी भर्ना नभएका, बीचैमा कक्षा छाडेका र कक्षा दोहोऱ्याउने संख्या हेर्दा दलित, पिछडिएको, गरीब, असहाय, आमाबाबु श्रम गरी खाने, आदिवासी आदि प्रमुख रुपमा पाइन्छन् । यसका लागि शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, संघ, अन्य संघ संस्थाहरुले आ-आफ्नो जिम्मेवारी सम्झी विद्यालयमा बालबालिका भर्ना गराउने, कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृत्तिमा कमि ल्याउन, कक्षा क्रियाकलापमा सक्रिय सहभागिता गराउने क्रियाकलापमा लाग्नु पर्छ । फलस्वरुप आजका कुनै पनि बालबालिकाहरु शिक्षाको उज्यालो घामबाट वञ्चित हुने थिएनन् । आदिवासी एवम् जनजाती तथा भाषिक अल्प संख्यकहरुलाई गुणस्तरीय, आधारभूत तथा प्राथमिक शिक्षा तिनीहरुको आफ्नै मातृभाषामा पढाउने अधिकार सुनिश्चित गर्नु पर्दछ ।

*"नेपाल पत्रिका (२०६१)"* का अनुसार नेपालमा शैक्षिक पहुँचको सन्दर्भमा प्राथमिक तहमा अध्ययन गर्नु पर्ने ५-९ वर्ष उमेर समूहका बालबालिकाहरु मध्ये ८२.८% लाई मात्र विद्यालयमा ल्याउन सकिएको छ ।


*"गोरखापत्र (२०६२ भदौ ४ शनिवार)"*, का अनुसार सरकारले दलित तथा आर्थिक अवस्था कमजोर रहेका बालबालिकाहरुलाई शिक्षामा पहुँच बढाउन २०६२ देखि नै विभिन्न कार्यक्रम लागु गरि छात्रवृत्ति वितरण नीति अघि बढाएको थियो । प्राथमिक तहमा सवै बालबालिकाहरुलाई छात्रवृत्ति वितरण सबै प्रकारका (दलित, जनजाती, पिछडिएका) बालबालिकाहरुलाई शिक्षामा सहभागिता बढाउन विभिन्न प्रयास गरिनेछ ।

*"अन्नपूर्ण पोष्ट (२०६१ चैत्र ६ आइतवार)"* का अनुसार प्राथमिक शिक्षा सबै बालबालिकाहरुलाई पुऱ्याउन नसक्नु पहिलो कारण गरिबी तथा दोस्रो कारण मातृभाषामा शिक्षा नपाउनु हो ।

उपरोक्त पूर्व अध्ययन कार्यहरुले अध्ययनकर्ताको यस अध्ययन शीर्षकका विभिन्न पक्षहरुमा सहयोग पुऱ्याएका छन् ।

## २.३ अवधारणात्मक ढाँचा

प्राथमिक विद्यालयमा याख्खा जातिका बालबालिकाहरुको शैक्षिक अवस्थामा संलग्न विभिन्न पक्षहरुलाई समेटेर निर्माण गरिएको अवधारणात्मक ढाँचा यस प्रकार रहेको छ ।




**चित्र नं. १: अवधारणात्मक ढाँचा**

# अध्याय - तीन

# अध्ययन विधि (METHODOLOGY)

कुनै पनि अध्ययन अनुसन्धान आफैमा महत्वपूर्ण र जटिल कार्य हो । अनुसन्धानले कुनै पनि विषय वा समस्याका बारेमा विस्तृत जानकारी गराई निश्चित निष्कर्षमा पुग्न मद्दत गर्दछ । अध्ययन अनुसन्धानबाट अपेक्षित उद्देश्य पूरा गर्न निश्चित विधि तथा प्रक्रियाहरुको अवलम्बन गर्नुपर्दछ । अध्ययन अनुसन्धानबाट अपेक्षित निष्कर्ष निकाल्न पूर्व निर्धारित विधि तथा प्रक्रियाहरुको अवलम्बन गरिन्छ । यदि पूर्व निर्धारित विधि तथा प्रक्रिया अवलम्बन गरिएन भने निष्कर्ष सहित निकाल्न सकिदैन । त्यसैले अनुसन्धानमा अध्ययन विधि पूर्व निर्धारित हुनुपर्दछ ।

## ३.१ अनुसन्धान ढाँचा

यो अध्ययनमा गुणात्मक तथा संख्यात्मक विधि प्रयोग गरिएको थियो । यो अध्ययनमा वर्णनात्मक पद्धतिलाई बढी प्रयोग गरी सूचनाहरुको विश्लेषण तथा व्याख्या गरिएको थियो ।

## ३.२ सूचना संकलनका स्रोतहरु

अध्ययनको विषयसंग सम्बन्धित सूचनाहरु संकलन गर्न प्राथमिक तथा द्वितीय दुवैसूचना संकलन गरिएको थियो ।

### ३.२.१ प्राथमिक सूचनाका स्रोतहरु

प्राथमिक सूचनाका स्रोतहरु भन्नाले प्रत्यक्ष भेटघाट, कुराकानी, अन्तर्वार्ता आदि भन्ने बुझिन्छ । अध्ययनको विषयसंग सम्बन्धित सूचनाहरु संकलन गर्न नमूनाका रुपमा छनौट भएका मानवीय स्रोतहरुबाट अध्ययनलाई आवश्यक साधनहरुको प्रयोग गरी सूचनाहरु संकलन गरिएको थियो । प्राथमिक सूचनाका स्रोतबाट संकलन गरेका तथ्यांकहरु कुनै पनि अध्ययन अनुसन्धानको लागि बढी भरपर्दो र विश्वसनिय स्रोत हो । यस अध्ययनमा प्राथमिक सूचनाको स्रोतलाई बढी जोड दिइएको थियो ।

### ३.२.२ द्वितीय सूचनाको स्रोत

सूचना संकलनको द्वितीय स्रोत भन्नाले प्राथमिक सूचनाहरु बाहेकका अन्य स्रोतबाट संकलन गर्ने तथ्यांक भन्ने बुझिन्छ । द्वितीय सूचनाका स्रोतहरु भन्नाले विभिन्न पत्रपत्रिका,

पुस्तक, प्रतिवेदन, सोधपत्र, शैक्षिक तथ्यांक, फाइलहरु आदि हुन् । यस अनुसन्धानका लागि आवश्यक सूचनाहरु द्वितीय स्रोतबाट पनि लिइएको थियो ।

### ३.३ नमूना छनौट प्रक्रिया

यस अध्ययन कार्यका लागि संखुवासभा जिल्लाका निम्न क्षेत्र, विद्यालय, शिक्षक तथा विद्यार्थी/बालबालिकाहरुलाई नमूनाका रुपमा निम्न प्रकारले छनौट गरिएको थियो ।

#### ३.३.१ क्षेत्र छनौट

संखुवासभा जिल्लाको आँखिभुईं गा.वि.स.का ४ वटा वडाहरुलाई उद्देश्यात्मक नमूना छनौट विधिबाट नमूना क्षेत्रको रुपमा छनौट गरिएको थियो ।

#### ३.३.२ विद्यालय छनौट

आँखिभुईं गा.वि.स. का १५ वटा प्रा.वि/नि.मा.वि/मा.वि. अन्तरगतका प्राथमिक विद्यालयहरु मध्ये ४ वटा वडा भित्रका एक/एक वटा प्राथमिक विद्यालय गरी ४ वटा प्राथमिक विद्यालयहरुलाई उद्देश्यात्मक नमूना छनौट विधिबाट नमूना विद्यालयको रुपमा छनौट गरिएको थियो ।

#### ३.३.३ शिक्षक छनौट

अध्ययनको विषयसंग सम्बन्धित सूचना संकलन गर्न शिक्षकहरुलाई सूचनाका स्रोतका रुपमा छनौट गरिनु पर्दछ । छनौटमा परेका ४ वटा प्राथमिक विद्यालयका ५/५ जना शिक्षकहरुलाई उद्देश्यात्मक नमूना छनौट विधिको प्रयोग गरी नमूना शिक्षकको रुपमा छनौट गरिएको थियो ।

#### ३.३.४ बालबालिका/विद्यार्थी छनौट

आवश्यक सूचनाहरु संकलन गर्न छनौटमा परेका विद्यालयका प्राथमिक तहमा अध्ययनरत १०/१० जना याख्खा बालबालिकाहरुलाई संभावित नमूना छनौट विधिको प्रयोग गरी नमूना बालबालिका/विद्यार्थीका रुपमा छनौट गरिएको थियो ।

#### ३.३.५ अभिभावक छनौट

अध्ययन क्षेत्रका प्राथमिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुका १०/१० जना अभिभावकहरुलाई चिठ्ठा प्रणालीद्वारा नमूना अभिभावकहरुको रुपमा छनौट गरिएको थियो ।

## ३.४ साधनहरुको निर्माण

अध्ययनको विषयसंग सम्बन्धित सूचनाहरु संकलन गर्न विभिन्न साधनहरुको निर्माण गरिएको थियो । सूचना संकलन गर्न निम्न साधनहरुको निर्माण गरिएको थियो :-

### ३.४.१ विद्यार्थी विवरण फारम

प्राथमिक विद्यालय तहका याख्खा बालबालिकाहरुको विद्यालय भर्ना, कक्षा छाड्ने र दोहोऱ्याउने विद्यार्थी, विद्यालय उपस्थिति, शैक्षिक उपलब्धि आदि बारेमा सूचना संकलन गर्न विद्यार्थी विवरण फारम निर्माण गरिएको थियो ।

### ३.४.२ अन्तरवार्ता प्रश्नावली

(क) **शिक्षकहरुका लागि अन्तर्वार्ता प्रश्नावली:** याख्खा बालबालिकाहरुको भर्नादरको स्थिति, कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृत्ति, उनीहरुप्रतिको शिक्षकको धारणा, शैक्षिक उपलब्धिप्रतिको विचार, बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु सम्बन्धि सुचना संकलन गर्न शिक्षकहरुकालागि अन्तर्वार्ता प्रश्नावली निर्माण गरिएको थियो ।

(ख) **विद्यार्थी/बालबालिकाहरुका लागि अन्तर्वार्ता प्रश्नावली:** याख्खा बालबालिकाहरुको शिक्षाप्रतिको धारणा, रुचि, चाहना कक्षा दोहोऱ्याउने र छोडाउने कारणहरु तथा शैक्षिक सहभागितामा आइपरेका समस्याहरु, आफ्नो शैक्षिक उपलब्धि प्रति तिनिहरुको अभिमत बुझ्न विद्यार्थीहरुकालागि अन्तर्वार्ता प्रश्नावली निर्माण गरिएको थियो ।

(ग) **अभिभावकहरुका लागि अन्तर्वार्ता प्रश्नावली:** बालबालिकाहरुको शिक्षाप्रतिको लगाव, सन्तुष्टिको अवस्था, विद्यालय शिक्षाप्रतिको धारणा, बालबालिका भर्नादर, उपस्थिति नियमित गराउने वा नगराउने, कक्षा दोहोऱ्याउने र छोडाउने कारणहरु पत्ता लगाउने, आफ्ना बालबालिकाहरुले विद्यालयमा भोग्नु परेका समस्याहरु बारेमा सुचना संकलन गर्न अभिभावकहरुका लागि अन्तर्वार्ता प्रश्नावली निर्माण गरिएको थियो ।

### ३.४.३ घरधुरी सर्वेक्षण फारम

याख्खा अभिभावकहरुको पारिवारिक शैक्षिक अवस्था, विद्यालय शिक्षाप्रतिको धारणा, प्राथमिक विद्यालयमा बालबालिकाहरु भर्ना गरेका वा नगरेका, विद्यार्थीहरुलाई विद्यालयमा पढ्न वञ्चित गराएका, विद्यार्थीहरुलाई पढ्दा पढ्दै रोकेका आदि बारेमा सूचना संकलन गर्न घरधुरी सर्वेक्षण फारम निर्माण गरिएको थियो ।

### ३.४.४ साधनहरुको वैधता निर्धारण

अध्ययन कार्यका लागि निर्माण गरिएका साधनहरु (विद्यार्थी विवरण फारम,शिक्षक, विद्यार्थी र अभिभावकहरुकालागि निर्माण गरिएका अन्तर्वार्ता प्रश्नावली, घरधुरी सर्वेक्षण फारम) लाई विश्वसनीय बनाउन साधनहरुको वैधता निर्धारण गरिएको थियो । साधनहरुको वैधता निर्धारणका लागि अध्ययनकर्ताले निर्माण गरेका साधनहरुलाई सहपाठी साथीहरु बीचमा छलफल गराइएको थियो । छलफलबाट साधनहरुलाई सुधार गरिएको थियो । सुधारिएका साधनहरुलाई विशेषज्ञ वा सोध निर्देशकलाई मूल्यांकन तथा सुधार गर्न अनुरोध गरिएको थियो । शोध निर्देशकको सल्लाह तथा सुझाव अनुसार साधनहरुको अन्तिम रुप दिइएको थियो ।

### ३.५ तथ्यांक संकलन प्रक्रिया

सूचना संकलन गर्न निर्माण गरिएका साधनहरुलाई लिएर अध्ययनकर्ता आफ्नो अध्ययन क्षेत्रमा स्वयं उपस्थित भई सूचना संकलनका साधनहरुको प्रयोग गरी आवश्यक सूचनाहरु संकलन गरिएको थियो ।

सूचनाहरु संकलन गर्न घरधुरी सर्वेक्षण फारम, विद्यार्थी विवरण फारम तथा अन्तर्वार्ताको प्रश्नावली प्रयोग गरिएको थियो । विद्यालयबाट आवश्यक सूचना संकलन गरिएको थियो । शिक्षक अभिभावक र विद्यार्थीहरुबाट प्रतिक्रिया लिइएको थियो । बालबालिकाहरुको भर्नादर, दैनिक उपस्थिति, कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृत्ति, शैक्षिक उपलब्धि स्तर, शैक्षिक निरन्तरता, विद्यालय सहभागितामा देखिएका समस्याहरु, सम्बन्धि सूचनाहरु संकलन गरिएको थियो । सूचना संकलन गर्दा सुचनादाताको समय अनुकुल हुने गरी छलफल आवश्यक सुचना मात्र संकलन गरिएको थियो ।

### ३.६ तथ्यांकहरुको विश्लेषण तथा व्याख्या

विद्यालयबाट प्राप्त अभिलेख, अन्य तथ्यांकहरु तथा बालबालिकाहरु, अभिभावकहरु, शिक्षकहरुको प्रतिक्रिया, घरधुरी सर्वेक्षण फारमबाट संकलित सूचनाहरुलाई आवश्यकता अनुसार तालिका बनाई गुणात्मक एवम् संख्यात्मक र वर्णानात्मक विधिको प्रयोग गरी सूचनाहरुको तथा विश्लेषण तथा व्याख्या गरिएको थियो ।

# अध्याय - चार

# तथ्यांकहरुको विश्लेषण तथा व्याख्या

## (DATA ANALYSIS AND INTERPRETATION)

प्राथमिक विद्यालय तहमा याख्खा जातिका बालबालिकाहरुको शैक्षिक स्थिति पत्ता लगाउन, शैक्षिक उपलब्धि स्तरको लेखाजोखा गर्न तथा प्राथमिक विद्यालय सहभागितामा देखिएका समस्याहरु पहिचान गर्नको लागि संखुवासभा जिल्ला अन्तरगत आँखिभुई गा.वि.स. मा रहेका ४ वटा प्राथमिक विद्यालयहरुलाई अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको थियो । अध्ययन क्षेत्रमा टिपोट गरिएका सूचनाहरु तथा विद्यालय अभिलेख, शिक्षक, विद्यार्थी र अभिभावकबाट प्राप्त तथ्यांक तथा सूचनाहरुलाई आवश्यकता अनुसार वर्णनात्मक तथा व्याख्यात्मक विधिको प्रयोग गरी विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१ अध्ययन क्षेत्रको परिचय

नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तरगत कोशी अंचलमा रहेका ६ वटा जिल्लाहरु मध्येको एक दुर्गम हिमाली जिल्ला संखुवासभा हो । यस जिल्लाको पूर्वमा ताप्लेजुङ्ग र तेह्रथुम, पश्चिममा भोजपुर र सोलुखुम्बु, उत्तरमा चीनको तिब्बत र दक्षिणमा धनकुटा जिल्ला रहेको छ । यो जिल्ला २७$^{0}$०६' देखि २७$^{0}$५५' उत्तरी अक्षांस र ८६०५७' देखि ८७०४०' पूर्व देशान्तर बीचमा रहेको छ । यस जिल्लाको कूल क्षेत्रफल ३४८६.१७ वर्गकि.मी. (नेपालको क्षेत्रफलको २.१८%) रहेको छ । यस जिल्लाको उचाइ समुद्र सतहदेखि ४५७ मि. अरुण उपत्यका संसारको सबैभन्दा होचो उपत्यका देखि ८४६३ मि. मकालु हिमाल विश्वको पाँचौ सर्वोच्च शिखर सम्म रहेको छ । यस जिल्लाको भूबनोट हिमाली भाग देखि बेसी टाहार तथा खोचहरु सम्म फैलिएको छ । राजनैतिक, प्रशासनिक विभाजन अनुसार यस जिल्लामा ३३ वटा गा.वि.स., एउटा नगरपालिका, २ वटा निर्वाचन क्षेत्र र ११ वटा इलाका संख्या रहेको छ ।

यस जिल्लाको जनसंख्या १,५९,६७९ (जनगणना २०५८ को अनुसार) रहेको छ । यसमा पुरुषको संख्या ७८,१२७ र महिलाको संख्या ८१,५५२ रहेको छ । यस जिल्लामा कूल घरसंख्या २९,८८४ रहेको छ । जिल्लाको जनघनत्व ४६.०४ रहेको छ जसमा सदर परिवार संख्या ५.१२ जना पर्दछन् । जनसंख्या वृद्धिदर १.१८ र सरदर आयु ६१.७१ वर्ष रहेको छ । यस जिल्लाको जनसंख्या नेपालको जनसंख्याको ०.६९% रहेको छ । यस जिल्लाको जनसंख्या नेपालको

जनसंख्याको ०.६९% रहेको छ । यस जिल्लाको शैक्षिक स्थितिलाई हेर्दा जिल्लाको साक्षरता प्रतिशत ५०.८ रहेको छ । जसमा ३४% महिला र ४१% प्रौढ रहेका छन् । यस जिल्लामा ३ वटा क्याम्पस, ६ वटा उच्च मा.वि. हरु, ३१ वटा मा.वि., ३९ वटा नि.मा.वि. र २६९ वटा प्रा.वि. हरु रहेका छन् ।

संखुवासभा जिल्लाका ३३ गा.वि.स. मध्येको एउटा आँखिभुई गा.वि.स. लाई अध्ययन क्षेत्रको केन्द्र विन्दुको रुपमा लिइएको थियो । यो गा.वि.स. को पूर्वमा नामाफोक र माम्लिङ्ग, पश्चिममा खराङ्ग, उत्तरमा माम्लिङ्ग तथा दक्षिणमा धनकुटा र भोजपूर जिल्लाहरु पर्दछन् । प्रसिद्ध अरुण नदि यस गा.वि.स. को पश्चिम हुँदै बगेको छ । यस गा.वि.स. मा विभिन्न जातजातिहरुको बसोवास रहेको छ । यहाँ बाहुन, क्षेत्री, नेवार, याख्खा, मगर, राई, लिम्बु आदि जनजातीहरु प्रमुख रुपमा बसोबास गरेका छन् । वि.सं. २०५८ सालको जनगणना अनुसार यस गा.वि.स. मा १४८५ घरधुरीहरु रहेका छन् भने जनसंख्या ८२२८ छन् जसमध्ये पुरुषको जनसंख्या ३८४२ र महिलाको जनसंख्या ४,३८६ रहेको छ । यस गा.वि.स.मा रहेका जनसंख्याहरुले विभिन्न मातृभाषा बोल्ने गरेको पाइन्छ । वि.सं. २०५८ सालको जनगणना अघि यहाँका याख्खाहरुलाई पनि राइ वा लिम्बु भाषामा नै गणना गरेको पाइन्छ । २०५८ सालको जनगणनामा भने याख्खाहरुले आफ्नो मातृभाषा याख्खा भनी किटान गरिएको छ ।

**तालिका नं. ४.१.**

**मातृभाषाका आधारमा आँखिभूई गा.वि.स. को जनसंख्या**

| सि.नं. | भाषा | बोल्ने संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ५५८२ | ६९.११ |
| २ | याख्खा | १८६२ | २३.०२ |
| ३ | मगर | ४२१ | ५.२० |
| ४ | वान्तवा | ६९ | ०.८५ |
| ५ | शेर्पा | ६९ | ०.८५ |
| ६ | तामाङ्ग | २१ | ०.२५ |
| ७ | लिम्बु | २१ | ०.२५ |
| ८ | अन्य | ४४ | ०.५४ |
| जम्मा | | ८०९० | १०० |

स्रोतः रा.ज.ग. २०५८

आँखिभूई गा.वि.स. मा रहेका विभिन्न भाषाभाषिहरुमध्ये याख्खा भाषिको जनसंख्या दोस्रो स्थानमा रहेको छ । नेपाली भाषा बोल्ने जनसंख्या सबैभन्दा बढी रहेको छ भने सबैभन्दा कम तामाङ्ग र लिम्बु रहेका छन् । आँखिभूई गा.वि.स.मा जम्मा ९ वटा वडाहरु रहेका छन् । तिनीहरुमध्ये वडा नं. १, ३, ७ र ९ लाई अध्ययन क्षेत्रका रुपमा लिइएको थियो । यस गा.वि.स. मा जम्मा १५ वटा विद्यालयहरु रहेका छन् । जसमध्ये ३ वटा मा.वि, १ वटा प्रस्तावित नि.मा.वि. ११ वटा प्रा.वि. हरु रहेका छन् । अध्ययनको विषयवस्तु याख्खा बालबालिकाहरु संग सम्बन्धित भएकाले याख्खा जातिको बसोवास वाहुल्य भएका वडाहरुलाई अध्ययन क्षेत्रका रुपमा छनौट गरिएको थियो ।

### ४.१.१ अध्ययन क्षेत्रका जनसंख्याहरुको अवस्था

अध्ययन अनुसन्धानका क्रममा अध्ययन क्षेत्रको ७८ घरधुरी सर्वेक्षण गरिएको थियो । यस आधारमा अध्ययन क्षेत्रको जनसंख्या, प्राथमिक विद्यालय उमेर समूहका बालबालिका र कक्षा छाड्ने जम्मा बालबालिका निम्नानुसार पाइयो ।

**तालिका नं. ४.२**

**अध्ययन क्षेत्रका जनसंख्याको अवस्था**

| जम्मा जनसंख्या | | | विद्यालय भर्ना भएका बालबालिका | | | कक्षा छाडेका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | महिला | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| २२७ | २४२ | ४६८ | ७१ | ७८ | १४९ | ८ | ११ | १९ |

स्रोतः घरधुरी सर्वेक्षण २०६४

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका जम्मा जनसंख्या ४६८ जना पाईयो । विद्यालय भर्ना भएका बालबालिकाहरु जना १४९ र कक्षा छाडेका बालबालिकाहरु १९ जना पाईयो ।

### ४.१.२ याख्खा अभिभावकको शैक्षिक अवस्था

अभिभावकहरुको शैक्षिक अवस्थाको अध्ययन गर्दा २४ घरधुरी (३०.७६%) का अभिभावक साक्षर मात्र रहेको पाइयो भने ५४ (६९.२२%) घरधुरीका अभिभावक निरक्षर रहेको पाइयो । याख्खा अभिभावकको शैक्षिक अवस्था निम्नानुसार पाइयो ।

**तालिका नं. ४.३**

**याख्खा अभिभावकको शैक्षिक अवस्था विवरण**

| क्र.सं. | शिक्षा | घरधुरी (%) |
|---|---|---|
| १ | साक्षर | २४ (३०.७६%) |
| २ | निरक्षर | ५४ (६९.२३%) |

स्रोतः स्थलगत अध्ययन, २०६४ ।

मथिको तालिकाबाट याख्खा समुदायका अभिभावकहरु बढी निरक्षर भएका कारण नै आफ्ना बालबालिकाहरुलाई विद्यालय सेवाबाट वञ्चित गरिएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२ प्राथमिक विद्यालयमा याख्खा बालबालिकाहरुको शैक्षिक सहभागिताको स्थिति

अध्ययन अनुसन्धानको क्रममा बालबालिकाहरुको शैक्षिक सहभागिताको स्थितिलाई भर्नादर, , कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर, कक्षा उपस्थिति आदि विभिन्न भागमा विभाजन गरिएको थियो । अध्ययन क्षेत्रका प्राथमिक विद्यालय तहमा अध्ययनरत बालबालिकाहरुको विद्यार्थी भर्नादर, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने विद्यार्थी विवरण तल तालिका अनुसार भएको पाइयो । यसका लागि अध्ययन क्षेत्रका ४ वटा विद्यालयहरुबाट २०६३ सालको विद्यार्थी विवरण अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट प्राप्त विवरण तथा सूचनाहरुको  विश्लेषण र व्याख्या निम्नानुसार गरिएको छ ।

#### ४.२.१ याख्खा बालबालिकाहरुको भर्नादर

अध्ययन क्षेत्रका प्राथमिक विद्यालयका याख्खा बालबालिकाहरुको भर्नादर अध्ययन तथा विश्लेषण गर्दा निम्नानुसार देखियो ।


**तालिका नं. ४.४**

**याख्खा बालबालिकाहरुको भर्नादर**

| कक्षा | केटा | प्रतिशत | केटी | प्रतिशत |
|---|---|---|---|---|
| १ | ६९ | ४६.६२ | ७९ | ५३.३७ |
| २ | ६९ | ४९.६४ | ७० | ५०.३५ |
| ३ | ५२ | ४४.०६ | ७७ | ५५.५३ |
| ४ | ६२ | ५२.१० | ५७ | ४७.९० |
| ५ | ४६ | ५० | ४६ | ५० |
| १–५ | २९८ | ४८.३७ | ३१८ | ५१.६२ |

स्रोतः विद्यालयको अभिलेख २०६३ ।

माथिको तालिका अनुसार याख्खा बालबालिकाहरुको प्राथमिक विद्यालय भर्नादर केटाहरुको ४८.३७ प्रतिशत र केटीहरुको ५१.६२ प्रतिशत देखिन्छ । कक्षागत रुपमा हेर्दा केटाहरुमध्ये सबैभन्दा बढी कक्षा ४ मा ५२.१० प्रतिशत र सबैभन्दा कम कक्षा ३ मा ४४.०६ प्रतिशत देखिन्छ । केटीहरु मध्ये सबैभन्दा बढी कक्षा ३ मा ५५.९३ प्रतिशत र सबैभन्दा कम कक्षा ४ मा ४७.९० प्रतिशत पाइयो । प्राथमिक विद्यालय तहमा याख्खा केटाहरुको भन्दा केटीहरुको भर्नादर राम्रो पाइयो । कक्षागत रुपमा याख्खा बालबालिकाहरुको भर्नादरलाई तल बहुस्तम्भ चित्रमा देखाइएको छ ।




कक्षागत याख्खा बालबालिकाहरुको भर्नादर

### ४.२.२ याख्खा बालबालिकाहरुको कक्षा छाड्नेदर


याख्खा बालबालिकाहरुको कक्षा छाड्नेदर अध्ययन तथा विश्लेषण गर्न अध्ययन क्षेत्रका ४ वटै विद्यालयबाट कक्षा छाड्ने विद्यार्थी विवरणलाई आधार मानिएको थियो । यसैका आधारमा याख्खा बालबालिकाहरुको कक्षा छाड्नेदर निम्नानुसार पाइयो ।

**तालिका नं. ४.५**
**याख्खा बालबालिकाहरुको कक्षा छाड्नेदर**

| कक्षा | केटा | प्रतिशत | केटी | प्रतिशत |
|---|---|---|---|---|
| १ | ३ | २.०७ | ३ | २.०७ |
| २ | १ | ०.७१ | ४ | २.८७ |
| ३ | ५ | ४.२३ | २ | १.६९ |
| ४ | ४ | २.५२ | ३ | २.५२ |
| ५ | - | - | ४ | ४.३४ |
| १-५ | १२ | १.९४ | १६ | २.५९ |

स्रोत: विद्यालयको अभिलेख (२०६३)

माथिको तालिका अनुसार प्राथमिक विद्यालयमा याख्खा बालबालिकाहरुको कक्षा छाड्नेदर ४.५३ प्रतिशत पाइयो । जसमध्ये केटाहरुको १.९४ प्रतिशत र केटीहरुको २.५९ प्रतिशत पाइयो । केटाहरुमध्ये सबैभन्दा बढी कक्षा ३ मा ४.२३ प्रतिशत र केटीहरुमध्ये सबैभन्दा बढी कक्षा ५ मा ४.३४ प्रतिशत पाइयो । प्राथमिक विद्यालयमा याख्खा केटीहरुको कक्षा छाड्नेदर केटाहरुको भन्दा बढी रहेको पाइयो । विद्यालयतहमा याख्खा केटीहरुको कक्षा छाड्नेदर केटाहरुको भन्दा बढी रहेको शिक्षक तथा अभिभावकहरुको प्रतिक्रया पाइएको थियो । याख्खा बालबालिकाहरुको कक्षा छाड्ने दरलाई बहुस्तम्भ चित्रमा देखाइएको छ ।




### ४.२.३ याख्खा बालबालिकाहरुको कक्षा दोहोऱ्याउनेदर

अध्ययन क्षेत्रका प्राथमिक विद्यालयका याख्खा बालबालिकाहरुको कक्षा दोहोऱ्याउनेदर अध्ययन तथा विश्लेषण गर्दा निम्नानुसार पाइएको थियो ।


**तालिका नं. ४.६**

**याख्खा बालबालिकाहरुको कक्षा दोहोऱ्याउने विद्यार्थी विवरण**

| कक्षा | केटा | प्रतिशत | केटी | प्रतिशत |
|---|---|---|---|---|
| १ | १३ | ८.७८ | १० | ६.७५ |
| २ | ८ | ५.७५ | १३ | ९.३५ |
| ३ | १३ | ११.०१ | १० | ८.४७ |
| ४ | ७ | ५.८८ | १० | ८.४० |
| ५ | ६ | ६.५२ | ७ | ७.६० |
| १-५ | ४७ | ७.६२ | ५० | ८.११ |

स्रोतः विद्यालय अभिलेख, २०६३ ।

माथिको तालिका अनुसार प्राथमिक विद्यालयमा याख्खा बालबालिकाहरुको कक्षा दोहोऱ्याउने दर १५.७३ प्रतिशत पाइयो । केटाहरुको कक्षा दोहोऱ्याउने दर ७.६२ प्रतिशत र केटीहरुको कक्षा दोहोऱ्याउने दर ८.११ प्रतिशत पाइयो । केटाहरु मध्ये सबैभन्दा बढी कक्षा ३ मा ११.०१ प्रतिशत र केटीहरु मध्ये सबैभन्दा बढी कक्षा २ मा ९.३५ प्रतिशत कक्षा दोहोऱ्याउने दर पाइयो । प्राथमिक विद्यालयमा याख्खा केटीहरुको कक्षा दोहोऱ्याउनेदर बढी पाइयो । विद्यालय तहमा याख्खा केटीहरुको कक्षाछाडने र दोहोऱ्याउनेदर बढी रहेको शिक्षक तथा अभिभावकहरुको प्रतिक्रया पाइएको थियो । कक्षागत रुपमा याख्खा बालबालिकाहरुको कक्षा दोहो-याउनेदरलाई तल बहुस्तम्भ चित्रमा देखाइएको छ ।




याख्खा बालबालिकाहरुको कक्षा दोहोऱ्याउने दर

### ४.२.४ अध्ययन क्षेत्रका प्राथमिक विद्यालयका याख्खा बालबालिकाहरुको औसत भर्नादर, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर

अध्ययन क्षेत्रका प्राथमिक विद्यालयका याख्खा बालबालिकाहरुको औसत भर्नादर, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर निम्नानुसार पाइयो ।

**तालिका नं. ४.७**

**अध्ययन क्षेत्रका सम्पूर्ण प्राथमिक विद्यालयका याख्खा बालबालिकाहरुको औसत भर्नादर, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर (२०६३)**

| विद्यालय नाम | भर्नादर | | | कक्षा छाड्ने दर | | | कक्षा दोहोऱ्याउने दर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | केटा (%) | केटी (%) | जम्मा (%) | केटा (%) | केटी (%) | जम्मा (%) | केटा (%) | केटी (%) | जम्मा (%) |
| अमरुवा मा.वि. | २८ | ३१ | ५९ | १ | २ | २ | ४ | ४ | ८ |
| भगवती मा.वि. | २९ | २८ | ५७ | २ | २ | ४ | ४ | ५ | ९ |
| धर्मदेवी नि.मा.वि. | २१ | २३ | ४३ | १ | १ | २ | ४ | ५ | ९ |
| दुधनाथ प्रा.वि. | ३२ | ३६ | ६७ | १ | २ | ३ | ६ | ४ | १० |

स्रोतः विद्यालयको अभिलेख, २०६३।

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका प्राथमिक विद्यालय तहका विद्यार्थीहरुको भर्नादर, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउनेदरलाई देखाइएको छ। उक्त तालिका अनुसार सबैभन्दा बढी याख्खा विद्यार्थी भर्नादर दुधनाथ प्रा.वि. को ६७ प्रतिशत र सबैभन्दा कम धर्मदेवी नि.मा.वि. ४३ प्रतिशत मात्र पाइयो। केटाहरुको भर्नादर मध्ये सबैभन्दा बढी दुधनाथ प्रा.वि. मा ३२ प्रतिशत र सबैभन्दा कम धर्मदेवी नि.मा.वि. मा २१ प्रतिशत पाइयो। केटीहरुको भर्नादर सबैभन्दा बढी दुधनाथ प्रा.वि. र सबैभन्दा कम धर्मदेवी नि.मा.वि. मा २३ प्रतिशत पाइयो।

कक्षा छाड्ने दरमा सबैभन्दा बढी भगवती मा.वि. मा ४ प्रतिशत र सबैभन्दा कम अमरुवा मा.वि. र धर्मदेवी नि.मा.वि. मा २/२ प्रतिशत पाइयो। त्यसैगरी केटाहरुको कक्षा छाड्ने दर सबैभन्दा बढी भगवती मा.वि. मा २ प्रतिशत र सबैभन्दा कम अन्य विद्यालयहरुमा १/१ प्रतिशत पाइयो। केटीहरु मध्ये सबैभन्दा बढी २ प्रतिशत अध्ययन क्षेत्रका ३ विद्यालयहरुमा र सबैभन्दा कम धर्मदेवी नि.मा.वि. मा पाइयो।

कक्षा दोहोऱ्याउने दरमा सबैभन्दा बढी दुधनाथ प्रा.वि. मा १० प्रतिशत र सबैभन्दा कम अमरुवा मा.वि. मा ८ प्रतिशत पाइयो। याख्खा केटाहरु मध्ये सबैभन्दा बढी दुधनाथ प्रा.वि. मा ६ प्रतिशत र अन्य विद्यालयहरुमा ४/४ प्रतिशत कक्षा दोहोऱ्याउने दर पाइयो। केटीहरु मध्ये सबैभन्दा बढी भगवती र धर्मदेवी नि.मा.वि. मा ५/५ प्रतिशत र सबैभन्दा कम अमरुवा र दुधनाथ प्रा.वि. मा ४/४ प्रतिशत पाइयो।

### ४.२.५ बालबालिकाहरुको भर्ना, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने बारे शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया

प्राथमिक विद्यालयमा याख्खा बालबालिकाहरुको भर्नादर, कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर हेर्न विद्यालयको अभिलेखलाई प्राथमिक स्रोतको रुपमा लिइएको थियो । यसका साथै अध्ययन क्षेत्रका २० जना शिक्षक, ४० जना अभिभावक र ४० जना विद्यार्थीहरुलाई समेत प्रतिक्रियाका लागि छनौट गरिएको थियो । शिक्षक अभिभावकहरु र विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रियाहरुलाई निम्नानुसार विश्लेषण तथा व्याख्या गरिएको छ ।

याख्खा ४० जना अभिभावकहरुलाई बालबालिकाहरु भर्ना गरिएको/नगरिएको बारे सूचना संकलन गर्न तपाइले आफ्ना बालबालिकाहरुलाई विद्यालय भर्ना गर्नु भएको छ ? भनि सोधिएको प्रश्नको जवाफमा ४० जना अभिभावकहरुले दिएको प्रतिक्रिया तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.८**

**याख्खा अभिभावकहरुले बालबाीलका भर्ना बारेमा दिएको प्रतिक्रिया**

| सि.नं. | विवरण | अभिभावक |
|---|---|---|
| १ | उमेर नपुगेर भर्ना नगरिएको | ८ (२०%) |
| २. | आर्थिक अवस्था कमजोर भएर नगरिएको | ५ (१२.५%) |
| ३ | सबै बालबालिकाहरुलाई भर्ना गरिएको | २७ (६७.५%) |

माथिको तालिकाअनुसार छनौटमा परेका अभिभावकहरुमध्ये ८ जना (२०%) ले उमेर नपुगेर बालबालिकाहरुलाई विद्यालयमा भर्ना नगरिएको भन्ने प्रतिक्रिया दिएका थिए । १२.५ प्रतिशत अभिभावकहरुले आफ्नो कमजोर आर्थिक अवस्था भएका कारण सबै बालबालिकाहरुलाई विद्यालय भर्ना नगरिएको प्रतिक्रिया दिएका थिए । अभिभावकहरुको यस प्रतिक्रियाले २७ जना ( ६७.५%) ले विद्यालय भर्ना गरेको कुरा प्रष्ट हुन्छ । याख्खा अभिभावकहरुको प्रतिक्रियाबाट आफ्नो छोरा छोरी पढाउनु पर्ने भन्ने चेतना भएको निष्कर्ष निकाल्न सकिन्छ ।

याख्खा बालबालिकाहरुको विद्यालय भर्ना सन्तोषजनक भए/नभएको बारेमा शिक्षकहरुबाट सूचना संकलन गरिएको थियो । यस विषयमा सूचना संकलन गर्न २० जना शिक्षकहरुलाई सोधिएको थियो । शिक्षकहरुको प्रतिक्रिया निम्नानुसार पाइएको थियो ।

**तालिका नं. ४.९**

**याख्खा बालबालिकाहरुको भर्नादर सन्तोषजनक भए/नभएको बारे शिक्षकहरुको प्रतिक्रिया**

| क्र.सं. | विवरण | शिक्षकहरु |
|---|---|---|
| १ | सन्तोषजनक छैन | १४ (७०%) |
| २ | सन्तोषजनक छ | ६ (३०%) |

माथिको तालिका अनुसार याख्खा बालबालिकाहरुको भर्नादर सन्तोषजनक छैन भन्ने ( ७०%) शिक्षकहरुको प्रतिक्रिया पाइयो भने सन्तोषजनक छ भन्ने ६ जना (३०%)शिक्षकहरुको प्रतिक्रिया पाइयो । शिक्षकहरुको प्रतिक्रिया अनुसार विद्यालयमा याख्खा बालबालिकाहरुको भन्ने दर नराम्रो/न्यून रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

**४.२.६ याख्खा बालबालिकाहरुले कक्षा छाड्ने र दोहोऱ्याउने कारणहरु**

अध्ययनको उद्देश्यसंग सम्बन्धित भएर छनौटमा परेका शिक्षक, अभिभावक र विद्यार्थीहरुसंग बालबालिकाहरुले कक्षा छाड्ने र दोहोऱ्याउने कारणहरुका बारेमा सूचना संकलन गरिएको थियो । यसै सनदर्भमा बालबालिकाहरुले कक्षा छाड्ने र दोहोऱ्याउने कारणहरु के के होला ? भन्ने प्रश्न ४० जना अभिभावकहरु २० जना शिक्षकहरु र ४० जना विद्यार्थीहरुले कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने कारणहरु निम्न अनुसार बताएका थिए ।

**तालिका नं. ४.१०**

**बालबालिकाहरुले कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने कारणहरु बारे शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया विवरण**

| क्र.सं. | विवरण | अभिभावक (%) | शिक्षक (%) | विद्यार्थी (%) |
|---|---|---|---|---|
| १ | नियमित रुपमा अनुत्तिर्ण हुनु | ५ (१३) | ५ (२५) | ७ (१८) |
| २ | पढ्ने वातावरण उपयुक्त नहुनु | ६ (१५) | ३ (१५) | ६ (१५) |
| ३ | घरायसी कामको व्यस्तता | ५ (१३) | ६ (३०) | ७ (१८) |
| ४ | विद्यालय नियमित नजानु | ४ (१०) | ५ (२५) | ३ (८) |
| ५ | कमजोर पढाइ | ७ (१८) | १० (५०) | ४ (१०) |
| ६ | पढाइमा ध्यान नदिनु | ३ (८) | ७ (३५) | ५ (१३) |
| ७ | आर्थिक अवस्था कमजोर | १२ (३०) | ८ (४०) | ३ (८) |
| ८ | अभिभावकहरुको चेतनाको कमी | - | ८ (४०) | - |
| ९ | अभिभावकहरुले बालबालिकाहरुको पढाइ बारेमा चासो नदिनु | - | - | - |
| १० | विद्यालयमा नियमित रुपमा पढाइ नहुनु | ३ (८) | - | ५ (१३) |

(नोटः अभिभावक, शिक्षक र विद्यार्थीहरुको एक भन्दा बढी प्रतिक्रिया पाइएको थियो ।)

माथिको तालिकामा प्राथमिक विद्यालयमा याख्खा जातिका बालबालिकाहरुको र कक्षा छाड्ने र दोहोऱ्याउने  कारणहरु दिइएको छ । उक्त तालिका अनुसार बालबालिकाहरुले कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने कारणहरुमा बालबालिका नियमित रुपमा अनुत्तिर्ण हुनु भनी प्रतिक्रिया दिने १३ प्रतिशत अभिभावकहरु २५ प्रतिशत शिक्षकहरु र १८ प्रतिशत विद्यार्थीहरु पाइयो । घरमा पढ्ने वातावरण उपयुक्त नहुनु भन्ने १५ प्रतिशत शिक्षकहरु, १५ प्रतिशत अभिभावकहरु र १५ प्रतिशत विद्यार्थीहरुको प्रतिक्रिया पाइएको थियो । आर्थिक अवस्था कमजोर भएको कारण भनी प्रतिक्रिया दिने ३० प्रतिशत अभिभावकहरु, ४० प्रतिशत शिक्षकहरु र ८ प्रतिशत विद्यार्थीहरु पाइयो । बालबालिकाहरुको पढाइ कमजोर हुनु पनि कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने कारण हो भनी प्रतिक्रिया दिने १८ प्रतिशत अभिभावकहरु, ५० प्रतिशत शिक्षकहरु र १० प्रतिशत विद्यार्थीहरु पाइयो ।

अभिभावक, शिक्षक र विद्यार्थीहरुको प्रतिक्रियाका आधारमा बालबालिकाहरुले कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने कारणहरु बालबालिका नियमित रुपमा अनुत्तिर्ण हुनु, घरायसी कामको व्यस्तता, विद्यालय नियमित नजानु, पढाइ कमजोर, अशिक्षित अभिभावकहरु, विद्यालयमा नियमित रुपमा पढाइ नहुनु, आर्थिक अवस्था कमजोर हुनु आदि हुन् भनी निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.७ प्राथमिक विद्यालय तहमा याख्खा बालबालिकाहरुको विद्यालय उपस्थिति विवरण

अध्ययनको क्रममा अध्ययन क्षेत्रका ४ वटा विद्यालयमा अध्ययनरत याख्खा बालबालिकाहरुको विद्यालय उपस्थिति दरको बारेमा अध्ययन गरिएको थियो । अधययन क्षेत्रका विद्यालयहरु कम्तिमा १८७ देखि १९५ दिन (वार्षिक रुपमा) खुलेको पाइयो । अध्ययन क्षेत्रका विद्यालयहरुका बालबालिकाहरुको विद्यालय उपस्थिति दर कस्तो रहेछ भनेर हेर्न २०६३ सालको हाजिरी अभिलेखलाई आधार मानिएको थियो । शिक्षा नियमावली २०५९ परिच्छेद १५ नियम ८४ को उपनियम ५ मा विद्यालय एक शैक्षिक सत्रमा कम्तिमा २२० दिन संचालन हुनुपर्ने भनी तोकिएको छ । तर अध्ययन क्षेत्रका विद्यालयहरु बढीमा १९५ दिन मात्र खुलेको/संचालन भएको पाइयो । जुन शिक्षा नियमावलीको नियम भन्दा कम छ । शिक्षकहरुसंग विद्यालय किन थोरै दिन संचालन भएका भन्ने विषयमा छलफल गर्दा विशेष गरी राजनैतिक अस्थिरता, विभिन्न संघ संगठनको हडताल/बन्द आव्हान, स्थानीय पर्व विदा आदिको कारणले विद्यालयहरु नियमित रुपमा संचालन हुन नसकेको जानकारी प्राप्त भएको थियो ।

अध्ययन क्षेत्रका याख्खा बालबालिकाहरुको उपस्थिति दर पत्ता लगाउन शैक्षिक सत्र २०६३ सालको विद्यालयको हाजिरी अभिलेखलाई आधार बनाइएको थियो । उक्त हाजिरी अभिलेखका आधारमा अध्ययन क्षेत्रका याख्खा बालबालिकाहरुको विद्यालयगत र कक्षागत उपस्थिति र विवरण अध्ययन गरिएको थियो । याख्खा बालबालिकाहरुको विद्यालयगत र कक्षागत उपस्थिति दर निम्नानुसार पाइयो ।

**तालिका नं ४.११**

**विद्यालयगत तथा कक्षागत याख्खा बालबालिकाहरुको उपस्थिति विवरण** (२०६३)

| विद्यालय खुलेको दिन | १९५ | | | १९१ | | | १९३ | | | १८७ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय | अमरुवा मा.वि. | | | भगवती मा.वि. | | | धर्मदेवी नि.मा.वि. | | | दुधनाथ प्रा.वि. | | |
| कक्षा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | ६२.७१ | ५३.२४ | ५७.९७ | ७२.१५ | ५०.५६ | ६१.३६ | ६५.४७ | ५४.०३ | ५९.७५ | ६७.७८ | ६१.७६ | ६४.७७ |
| २ | ५९.१८ | ७४.०४ | ६६.६१ | ५९.६२ | ६८.५३ | ६४.०७ | ५०.९७ | ६३.२९ | ५७.१३ | ६६.५८ | ५९.३१ | ६२.९४ |
| ३ | ७०.१४ | ६७.२४ | ६८.६९ | ५८.७९ | ५४.०४ | ५६.४१ | ७६.९२ | ७०.९७ | ७३.९४ | ६०.१४ | ६९.७९ | ६४.९६ |
| ४ | ७५.६४ | ७३.०७ | ७४.३५ | ७३.२३ | ७८.४७ | ७५.८५ | ७८.४६ | ८२.०५ | ८०.२४ | ६४.७८ | ७३.०७ | ६८.९२ |
| ५ | ८१.०३ | ७७.८६ | ७९.४४ | ६२.०३ | ६८.७९ | ६५.४१ | ७१.७९ | ७४.३५ | ७३.०७ | ६५.८९ | ६२.१८ | ६४.०३ |
| १–५ | ६९.७४ | ६९.०९ | ६९.४१ | ६५.१६ | ६४.१५ | ६४.६६ | ६८.७२ | ६८.९३ | ६८.८२ | ६५.०३ | ६५.२२ | ६५.१२ |

स्रोत: विद्यालयको अभिलेख, २०६३ ।

माथिको तालिकामा याख्खा बालबालिकाहरुको विद्यालयगत र कक्षागत उपस्थिति विवरण दिइएको छ । प्राथमिक विद्यालय तहमा याख्खा बालबालिकाहरुको उपस्थिति अमरुवा मा.वि. को ६९.४१ पाइयो । कक्षागत रुपमा हेर्दा सबैभन्दा बढी कक्षा ५ मा ७९.४४ प्रतिशत र सबैभन्दा कम कक्षा १ मा ५७.९७ प्रतिशत पाइयो । केटाहरु मध्ये बढी उपस्थिति कक्षा ५ मा ८१.०३ प्रतिशत र सबैभन्दा कम कक्षा २ मा ५९.१८ प्रतिशत पाइझे । केटीहरुमध्ये बढीमा कक्षा ५ मा ७७.८६ प्रतिशत र सबैभन्दा कम कक्षा १ मा ५३.२४ प्रतिशत वार्षिक उपस्थिति पाइयो ।


भगवती मा.वि. को प्राथमिक विद्यालय तहमा याख्खा बालबालिकाहरुको वार्षिक उपस्थिति ६४.६६ प्रतिशत पाइयो । कक्षागत रुपमा हेर्दा सबैभन्दा बढी कक्षा ४ मा ७५.८५ प्रतिशत र सबैभन्दा कम कक्षा ३ मा ५६.४१ प्रतिशत पाइयो । केटाहरु मध्ये सबैभन्दा बढी कक्षा ४ मा ७३.२३ प्रतिशत र सबैभन्दा कम ५८.७९ प्रतिशत पाइयो । केटीहरु मध्ये बढीमा कक्षा ५ मा ६८.७९ प्रतिशत र सबैभन्दा कम कक्षा १ मा ५०.५६ प्रतिशत पाइयो ।

धर्मदेवी मा.वि. को प्राथमिक विद्यालय तहमा औषत जम्मा याख्खा बालबालिकाहरुको वार्षिक उपस्थिति दर ६८.८२ पाइयो । कक्षागत रुपमा हेर्दा सबैभन्दा बढीकक्षा ४ मा ८०.२४

प्रतिशत र सबैभन्दा कम कक्षा २ मा ५७.१३ प्रतिशत पाइयो । याख्खा केटाहरुमध्ये सबैभन्दा बढी कक्षा ४ मा ७८.४६ र सबैभन्दा कम कक्षा २ मा ५०.९७ प्रतिशत पाइयो । केटीहरु मध्ये सबैभन्दा बढी कक्षा ४ मा ८२.०५ प्रतिशत र सबैभन्दा कम ५४.०३ प्रतिशत वार्षिक उपस्थिति पाइयो ।

दुधनाथ प्रा.वि. को प्राथमिक विद्यालय तहको वार्षिक उपस्थिति दर ६५.१२ प्रतिशत पाइयो । कक्षागत रुपमा हेर्दा सबैभन्दा बढी कक्षा ४ मा ६८.९२ र सबैभन्दा कम कक्षा २ मा ६५.९४ प्रतिशत उपस्थिति पाइयो । केटाहरु मध्ये सबैभन्दा बढी कक्षा १ मा ६७.७८ प्रतिशत र सबैभन्दा कम कक्षा ३ मा ६०.१४ प्रतिशत उपस्थिति पाइयो । केटीहरु मध्ये बढी उपस्थिति कक्षा ४ मा ७३.०७ प्रतिशत र सबैभन्दा कम कक्षा २ मा ५९.३१ प्रतिशत पाइयो ।

अध्ययन क्षेत्रका प्राथमिक विद्यालय तहको याख्खा बालबालिकाहरुको वार्षिक उपस्थिति दरलाई अध्ययन गर्दा सबैभन्दा बढी बालबालिकाहरुको उपस्थिति दर अमरुवा मा.वि. को ६९.४१ प्रतिशत र सबैभन्दा कम भगवती मा.वि. को ६४.६६ प्रतिशत पाइयो । केटाहरु मध्ये सबैभन्दा बढी अमरुवा मा.वि. को ६९.७४ प्रतिशत र सबैभन्दा कम दुधनाथ प्रा.वि. को ६५.०३ प्रतिशत उपस्थिति दर पाइयो । केटीहरु मध्ये सबैभन्दा बढी अमरुवा मा.वि. को ६९.४१ प्रतिशत र सबैभन्दा कम भगवती मा.वि. को ६४.१५ प्रतिशत उपस्थिति दर पाइयो । समग्रमा अध्ययन क्षेत्रका विद्यालयहरुको केटा र केटी दुवैको वार्षिक उपस्थितिदरलाई विश्लेषण गर्दा केटीहरुको भन्दा केटाहरुको वार्षिक उपस्थितिदर बढी पाइयो । अध्ययन क्षेत्रका सम्पूर्ण विद्यालयमा अध्ययनरत याख्खा बालबालिकाहरुको वार्षिक उपस्थितिदरलाई बहुस्तम्भ चित्रमा तल प्रस्तुत गरिएको छ ।




विद्यालयगत याख्खा बालबालिकाहरुको वार्षिक उपस्थिति

### ४.२.८ याख्खा बालबालिकाहरुको दैनिक उपस्थिति बारेमा शिक्षक अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया

अध्ययन अनुसन्धानका क्रममा याख्खा बालबालिकाहरुको विद्यालयमा दैनिक उपस्थिति बारेमा अध्ययन गर्न नमूनामा परेका २० जना शिक्षक, ४० जना अभिभावक र ४० जना विद्यार्थीहरु संग अध्ययनकर्ता स्वयम् उपस्थित भई विभिन्न जानकारीहरु लिइएको थियो । अन्तरवार्ताका लागि १०० जना सूचनादाताहरुबाट सूचना संकलन गरिएको थियो । सूचनादाताको रुपमा शिक्षक, अभिभावक र विद्यार्थीहरुलाई लिइएको थियो । शिक्षकहरु, अभिभावकहरु र विद्यार्थीहरुबाट प्राप्त सूचनाहरुलाई निम्नानसार विश्लेषण तथा व्याख्या गरिएको छ ।

आफ्ना सबै छोरा/छोरीलाई विद्यालय दैनिक रुपमा पठाए/नपठाएको बारेमा सूचना संकलन गर्न ४० जना अभिभावकहरुलाई एउटा प्रश्न सोधिएको थियो । तपाईले आफ्ना सबै बालबालिकाहरुलाई विद्यालय पठाउनु भएको छ वा छैन ? यस प्रश्नमा सबै अभिभावकहरुको प्रतिक्रिया निम्नानुसार पाइएको थियो ।

**तालिका नं. ४.१२**

**सबै छोरा/छोरीलाई विद्यालय पठाए/नपठाएको बारेमा अभिभावकहरुको प्रतिक्रिया विवरण**

| क.सं. | विवरण | अभिभावकहरु |
|---|---|---|
| १ | छोराहरुलाई मात्र पठाएको | ९ (२०%) |
| २ | छोरीहरुलाई मात्र पठाएको | ८ (२०) |
| ३ | दुवैलाई दैनिक पठाएको | २२ ((५५) |
| ४ | दुवैलाई दैनिक नपठाएको | २ (५) |

माथिको तालिका अनुसार छोरालाई मात्र विद्यालय नियमित पठाउने २० प्रतिशत अभिभावकहरु र छोरीलाई मात्र पठाउने पनि २० प्रतिशत पाइयो । छोरा र छोरी दुवैलाई विद्यालय नियमित पठाएको भन्ने ५५ प्रतिशत (२२ जना) अभिभावकहरु र दुवै पठाएको छैन भन्ने ५ प्रतिशत (२ जना) अभिभावकहरु पाइयो । समग्रमा छोरा र छोरी दुवैलाई विद्यालय नियमित पठाउने अभिभावकहरु बढी पाइयो ।

अभिभावहरुले आफ्ना बालबालिकाहरुलाई नियमित रुपमा पठाए/नपठाएको बारेमा सूचना संकलन गर्न बालबालिकाहरुलाई नियमित रुपमा विद्यालय पठाउनु भएको छ/छैन भन्ने

प्रश्न ४० अभिभावकहरुलाई सोधिएको थियो । यस विषयमा शिक्षकहरुको प्रतिक्रिया तल तालिकामा उल्लेख गरिए अनुसार पाइयो ।

**तालिका नं. ४.१३**

**दैनिक रुपमा विद्यालय पठाए/नपठाएको बारेमा अभिभावकहरुको प्रतिक्रिया विवरण**

| क.सं. | विवरण | अभिभावक |
|---|---|---|
| १ | सधैंभरी पठाउने | २४ (६०%) |
| २ | कहिलेकाहि मात्र नपठाउने | १३ (३२.५%) |
| ३ | नियमित नपठाउने | ३ (७.५%) |

उपरोक्त तालिकाबाट अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई विद्यालय नियमित पठाए/नपठाएको प्रष्ट हुन्छ । उक्त तालिका अनुसार सधैंभरी विद्यालय पठाउने ६० प्रतिशत ( २४ जना), कहिले काहि मात्र नपठाउने ३२.५ प्रतिशत (१३ जना) र नियमित रुपमा नपठाउने ७.५ प्रतिशत (३ जना) अभिभावकहरु पाइयो । यसबाट बालबालिकाहरुलाई नियमित रुपमा विद्यालय पठाउने अभिभावकहरु बढी (६० प्रतिशत) रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

अध्ययनका क्रममा याख्खा बालबालिकाहरु विद्यालयमा दैनिक रुपमा उपस्थित नहुने कारणहरुका बारेमा सूचना संकलन गरिएको थियो । यसैक्रममा दैनिक रुपमा बालबालिकाहरु विद्यालय उपस्थित नहुनुको कारण के होला ? भन्ने एउटा प्रश्न सोधिएको थियो । यस प्रश्नको प्रतिक्रिया ४० जना अभिभावकहरु र २० जना शिक्षकहरुले दिएका थिए । अभिभावकहरु र शिक्षकहरुले दिएको प्रतिक्रिया निम्न अनुसार पाइयो ।

**तालिका नं. ४.१४**

**दैनिक रुपमा बालबालिकाहरु विद्यालय उपस्थित नहुने कारणहरुबारे अभिभावक र शिक्षकहरुको प्रतिक्रिया विवरण**

| क.सं. | विवरण | अभिभावक | शिक्षक |
|---|---|---|---|
| १ | सानो उमेर | ३ (७.५) | ४ (२०) |
| २ | विद्यालय टाढा | ५ (१२.५) | २ (१०) |
| ३ | घरको कामको व्यस्तता | ११ (२७.५) | ५ (२५) |
| ४ | विद्यालय पढ्ने उचित वातावरण नहुनु | ७ (१७.५) | ३ (१५) |
| ५ | आर्थिक अभाव | १० (२५) | २ (१०) |
| ६ | चेतनाको कमी | ४ (१०) | ४ (२०) |

माथिको तालिका अनुसार याख्खा बालबालिकाहरु दैनिक विद्यालय उपस्थित नहुनुको कारणहरुमा सानो उमेर भन्ने अभिभावकहरु ७.५ प्रतिशत (३ जना) र २० प्रतिशत (४ जना) शिक्षकहरु पाइयो । विद्यालय टाढा भन्ने १२.५ प्रतिशत (५ जना) र १० प्रतिशत (२ जना) पाइयो । आर्थिक अभावका कारणले पनि विद्यालयमा बालबालिकाहरुको उपस्थितिमा अनियमितता हुन्छ भन्ने २५ प्रतिशत अभिभावकहरु र १० प्रतिशत शिक्षकहरु पाइयो । घरको कामको व्यस्तता भन्ने २७.५ प्रतिशत (११ जना) अभिभावकहरु र २५ प्रतिशत (५ जना) शिक्षकहरु पाइयो । माथिको अभिभावक शिक्षकहरुको प्रतिक्रियाका आधारमा बालबालिकाहरु विद्यालयमा दैनिक रुपमा उपस्थित नहुनुको कारणहरु सानो उमेर, विद्यालय टाढा, घरको कामको व्यस्तता, विद्यालयमा पढ्ने वातावरण उचित नहुनु, आर्थिक अभाव, अभिभावकहरुमा चेतनाको आदि रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

विद्यालयमा दैनिक रुपमा उपस्थित नहुनुको कारणहरुबारेमा विद्यार्थीहरुको प्रतिक्रिया घरायसी कामको व्यस्तता, पढ्न अप्ठयारो, पढाइमा चासो नभएर, विद्यालय टाढा हुनु, घरमा भाइबहिनी हेर्नुपर्ने,मेलापात गर्नुपर्ने आदि पाईएको थियो ।

बालबालिकाहरुको विद्यालयमा उपस्थिति बुझ्न कस्तो परिवारले बालबालिकाहरुलाई नियमित रुपमा विद्यालय पठाउँछन् ? भन्ने प्रश्न शिक्षकहरुलाई सोधिएको थियो । उक्त प्रश्नबारेमा २० जना शिक्षकहरुको प्रतिक्रिया निम्नअनुसार पाइएको थियो ।

**तालिका नं. ४.१५**

**बालबालिकाहरुलाई विद्यालय नियमित पठाउने परिवारबारे शिक्षकहरुको प्रतिक्रिया विवरण**

| क्र.सं. | विवरण | शिक्षक |
|---|---|---|
| १ | साक्षर परिवार | १० (५०%) |
| २ | ठूलो कक्षामा पढ्ने दाजुदिदी भएको परिवारले | ३ (१५) |
| ३ | आर्थिक अवस्था राम्रो भएको | २ (१०) |
| ४ | शिक्षा नै विकासको आधार मान्ने अभिभावकहरु | १ (५) |
| ५ | संयुक्त परिवार | २ (१०) |
| ६ | याख्खा बाहेक अन्य | २ (१०) |

माथिको तालिका अनुसार साक्षर परिवारले आफ्ना बालबालिकाहरुलाई विद्यालय नियमित रुपमा पठाउँछन् भनी ५० प्रतिशत शिक्षकहरुले बताएका थिए । ठूलो कक्षामा पढ्ने दाजुदिदी भएको परिवारले भन्ने १५ प्रतिशत (३ जना) आर्थिक अवस्था राम्रो भएको परिवारले संयुक्त परिवार र याख्खा बाहेक अन्यले भन्ने १०/१० प्रतिशत (२/२ जना) शिक्षकहरु पाइयो ।

उपरोक्त शिक्षकहरुको प्रतिक्रियाबाट बालबालिकाहरुलाई साक्षर परिवार, ठूलो कक्षामा पढ्ने दाजुदिदी भएको परिवार, आर्थिक अवस्था राम्रो नभएको परिवार, संयुक्त परिवार आदिले आफ्ना बालबालिकाहरुलाई नियमित रुपमा विद्यालय पठाउने गरेको पाइयो ।

## ४.३ याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि विवरण

प्राथमिक विद्यालय तहमा याख्खा जातिका बालबालिकाहरुको शैक्षिक अवस्थाको बारेमा अध्ययन तथा विश्लेषण गर्ने क्रममा अध्ययन क्षेत्रका ४ वटा विद्यालयबाट आवश्यक तथ्यांकहरु त्था सुचनाहरु संकलन गरिएको थियो । शैक्षिक उपलब्धिको बारेमा अध्ययन तथा विश्लेषण गर्न अध्ययन क्षेत्रका ४ वटै विद्यालयबाट २०६३ सालको परीक्षा परिणामलाई आधार मानिएको थियो । प्राथमिक विद्यालय तहका याख्खा तथा गैरयाख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर निम्नानुसार पाइएको थियो । (परीक्षामा सहभागि याख्खा तथा गैर याख्खा बालबालिकाहरुको विवरण (२०६३) अनुसूचिमा दिइएको छ ।)

### ४.३.१ कक्षागत रुपमा याख्खा तथा गैरयाख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि विवरण

अध्ययन क्षेत्रका सम्पूर्ण प्राथमिक विद्यालयका याख्खा तथा गैर याख्खा बालबालिकाहरुको कक्षागत शैक्षिक उपलब्धि निम्नानुसार पाइयो ।

**तालिका नं. ४.१६**


**कक्षागत याख्खा तथा गैर याख्खा बालबालिक्काहरुको उत्तिर्णदर (२०६३)**

| कक्षा | याख्खा | | | गैर याख्खा | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | ४१ (२८.८७) | ४७ (३३.०९) | ८८ (६१.९७) | २६ (३२.५) | २८ (३५) | ५४ (६७.५) |
| २ | ४६ (३४.३२) | ४२ (३१.३४) | ८८ (६५.६७) | ३१ (३३.३३) | ३४ (३६.५५) | ६५ (६९.८९) |
| ३. | ३३ (२९.२०) | ४८ (४२.४७) | ८१ (७१.६८) | २९ (३५.८०) | ३४ (४१.९७) | ६३ (७७.७७) |
| ४. | ४१ (३६.६०) | ३६ (३२.१४) | ७७ (६८.७५) | ३४ (४०.९२) | २५ (३०.१२) | ५९ (७१.०८) |
| ५. | ३१ (३६.०४) | २६ (३०.२३) | ५७ (३०.२३) | ३६ (४२.३५) | ३४ (४०) | ७० (८२.३५) |
| जम्मा | १९२ (३२.७०) | १९९ (३३.९०) | ३९१ (६६.६०) | १५६ (३५.२९) | १५५ (३५.०६) | ३११ (७०.३६) |


स्रोतः विद्यालयको अभिलेख (२०६३)

माथिको तालिका अनुसार याख्खा बालबालिकाहरुको उत्तिर्णदर ६६.६० प्रतिशत र गैर याख्खाहरुको ६०.३६ प्रतिशत देखियो । कक्षागत रुपमा याख्खाहरुको सबैभन्दा बढी कक्षा ३ मा

७१.६८ प्रतिशत र सबैभन्दा कम कक्षा १ मा ६१.९७ प्रतिशत देखियो । त्यसैगरी गैर याख्खाहरुको कक्षागत उत्तिर्णदर सबैभन्दा बढी कक्षा ५ मा ८२.३५ प्रतिशत र सबैभन्दा कम कक्षा १ मा ६७.५ प्रतिशत पाइयो । यसबाट याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर गैर याख्खाहरुको भन्दा तुलनात्मक रुपमा कम रहेको निष्कर्ष निकाल्न सकिन्छ । याख्खा तथा गैर याख्खा बालबालिकाहरुको उत्तिर्णदरलाई बहुस्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ ।




याख्खा बालबालिकाहरुको उत्तिर्णदर




**गैर याख्खा बालबालिकाहरुको उत्तिर्णदर**

### ४.३.२ याख्खा तथा गैर याख्खा बालबालिकाहरुको अनुत्तिर्णदर २०६३

अध्ययन क्षेत्रका सम्पूर्ण प्राथमिक विद्यालय तहका याख्खा तथा गैर याख्खा बालबालिकाहरुको अनुत्तिर्णदर निम्नानुसार पाइयो ।

**तालिका नं. ४.१७**

**याख्खा तथा गैर याख्खा बालबालिकाहरुको अनुत्तिर्णदर**

| कक्षा | याख्खा | | | गैर याख्खा | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | २६ (१८.३०) | २८ (१९.७१) | ५४ (३८.०२) | १५ (१८.७५) | ११ (१३.७५) | २६ (३२.५) |
| २ | २२ (१६.४१) | २१ (१५.६७) | ४३ (३२.०८) | १८ (१९.३५) | १४ (१५.०५) | ३२ (३४.४०) |
| ३. | १४ (१२.३८) | १८ (१५.९२) | ४२ (३७.१६) | ९ (११.११) | ९ (११.११) | १८ (२२.२२) |
| ४. | १८ (१६.०७) | १७ (१५.१७) | ३५ (३१.२५) | १३ (१५.६६) | ११ (१३.२५) | २४ (२८.९१) |
| ५. | १५ (१७.४४) | १४ (१६.२७) | २९ (३३.७२) | ७ (८२.३५) | ११ (१२.९४) | १८ (२१.१७) |
| ६. | ९५ (१६.१८) | ९८ (१६.६९) | १९३ (३२.८७) | ६२ (१४.०२) | ५६ (१२.६६) | ११८ (२६.६९) |

स्रोत विद्यालयको अभिलेख (२०६३)

माथिको तालिका अनुसार याख्खा बालबालिकाहरुको अनुत्तिर्ण दर ३२.८७ प्रतिशत र गैर याख्खाहरुको अनुत्तिर्णदर २६.६९ प्रतिशत पाइयो । समग्रमा प्राथमिक विद्यालयमा याख्खा र गैर याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर हेर्दा अध्ययन तथा विश्लेषण गर्दा याख्खाहरुको भन्दा गैर याख्खाहरुको शैक्षिक उपलब्धि राम्रो पाइयो ।

### ४.३.३ प्राथमिक विद्यालय (१-५ कक्षा) तहमा याख्खा र गैरयाख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि विवरण

अध्ययन क्रम याख्खा र गैर याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धिलाई उत्तिर्ण तथा अनुत्तिर्ण प्रतिशतका आधारमा तुलना गरिएको थियो । प्राथमिक विद्यालय तहको समष्टिगत उपलब्धि स्तरलाई (याख्खा र गैर याख्खा) तल तालिकामा देखाइएको छ । याख्खा र गैर याख्खा बालबालिकाहरुको उपलब्धि स्तरलाई औषतमा देखाइएको छ ।

### तालिका नं. ४.१८

### विद्यालयगत याख्खा र गैर याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि विवरण (२०६३)


| विद्यालयको नाम | कक्षा (१-५) | उत्तिर्ण विद्यार्थीहरु | | | | | | अनुत्तिर्ण विद्यार्थीहरु | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | याख्खा (%) | | | गैरयाख्खा (%) | | | याख्खा (%) | | | गैरयाख्खा (%) | | |
| | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| अमरुवा मा.वि. | | ३२ | ३३ | ६५ | ३४ | ३८ | ७२ | १७ | १९ | ३५ | १६ | ११ | २८ |
| भगवती मा.वि. | | ३३ | ३३ | ६६ | ३६ | ३६ | ७३ | १८ | १४ | ३२ | १५ | १६ | ३१ |
| धर्मदेवी नि.मा.वि. | | ३४ | ३० | ६४ | ३७ | ३५ | ७३ | १६ | २० | ३६ | १५ | १३ | २८ |
| दुधनाथ प्रा.वि. | | ३६ | ३८ | ७४ | ४१ | ३९ | ८० | १२ | १३ | २६ | ९ | ११ | २० |

स्रोतः विद्यालयको अभिलेख, २०६३ ।

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रका विद्यालयमा याख्खा विद्यार्थीहरुको उत्तिर्णदर हेर्दा सबैभन्दा बढी दुधनाथ प्रा.वि. को ७४ प्रतिशत र सबैभन्दा कम धर्मदेवी नि.मा.वि. को ६४ प्रतिशत पाइयो । गैरयाख्खाहरुको उत्तिर्णदर हेर्दा सबैभन्दा बढी दुधनाथ प्रा.वि. को ८० प्रतिशत र सबैभन्दा कम अमरुवा मा.वि. को ७२ प्रतिशत पाइयो । बालबालिकाहरुको अनुत्तिर्णदर हेर्दा याख्खा विद्यार्थीहरुको अनुत्तिर्ण दर सबैभन्दा बढी ३६ प्रतिशत र सबैभन्दा कम २६ प्रतिशत पाइयो भने गैर याख्खाहरुको अनुत्तिर्णदर बढिमा ३१ प्रतिशत र कम २० प्रतिशत मात्र छ । उक्त तालिकाबाट याख्खा र गैरयाख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धिलाई तुलनात्मक रुपमा विश्लेषण गर्दा याख्खाको भन्दा गैरयाख्खाहरुको शैक्षिक उपलब्धि बढी पाइयो ।

### ४.३.४ याख्खा र गैर याख्खा बालबालिकाहरुको वार्षिक शैक्षिक उपलब्धि

अध्ययन क्षेत्रका ४ वटै विद्यालयको २०६३ सालको परीक्षा परिणामका आधारमा याख्खा तथा गैरयाख्खा बालबालिकाहरुको औषत उपलब्धि स्तर अध्ययन गरिएको थियो । याख्खा बालबालिकाहरुको वार्षिक शैक्षिक उपलब्धि वा उत्तिर्ण दर ६६.६० प्रतिशत र गैर याख्खाहरुको ७०.३६ प्रतिशत पाइयो । याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर गैर याख्खाहरुको भन्दा तुलनात्मक रुपमा कम रहेको पाइयो । याख्खा तथा गैरयाख्खा बालबालिकाहरुको औषत उपलब्धि स्तरलाई बहुस्तम्भ चित्रमा निम्नानुसार देखाइएको छ ।




**४.३.५ याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि बारेमा शिक्षक अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया**

प्राथमिक विद्यालय तहमा याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि बारेमा सूचना संकलन गर्न शिक्षक, अभिभावक र विद्यार्थीलाई विभिन्न प्रश्नहरु सोधिएको थियो । शैक्षिक उपलब्धि बारेमा सोधिएका प्रश्नहरु, शिक्षक, अभिभावक र विद्यार्थीहरुले दिएको प्रतिक्रियालाई तल विश्लेषण तथा व्याख्खा गरिएको छ ।

याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि राम्रो/नराम्रो भएको बारेमा सूचना संकलन गर्न बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर कस्तो छ ? भन्ने एउटा प्रश्न २० जना शिक्षक ४० जना अभिभावक र २० जना विद्यार्थीहरुलाई सोधिएको थियो । यस विषयमा शिक्षक अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया निम्नानुसार पाइयो ।

**तालिका नं. ४.१९**

**शैक्षिक उपलब्धि राम्रो/नराम्रो बारे शिक्षक अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया**

| क्र.सं. | विवरण | शिक्षक | अभिभावक | विद्यार्थी |
|---|---|---|---|---|
| १ | राम्रो | ७ (३५) | ११ (२७.५) | १४ (३५) |
| २ | सन्तोषजनक/ठीकै | ९ (४५) | १८ (४५) | १७ (४२.५) |
| ३ | नराम्रो | ४ (२०) | ११ (२७.५) | ९ (२२.५) |

माथिको तालिका अनुसार याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि राम्रो छ भन्ने ३५ प्रतिशत (७ जना) शिक्षकहरु, २७.५ प्रतिशत अभिभावकहरु र ३५ प्रतिशत विद्यार्थीहरु पाइयो । याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि ठीकै/सन्तोषजनक छ भन्ने ४५ प्रतिशत शिक्षक, ४५ प्रतिशत अभिभावक र ४२.५ प्रतिशत विद्यार्थीहरु पाइयो । त्यसैगरी शैक्षिक उपलब्धि नराम्रो भन्ने २० प्रतिशत शिक्षकहरु, २७.५ प्रतिशत अभिभावकहरु र २३.५ प्रतिशत विद्यार्थीहरु पाइयो । उक्त शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रियाबाट प्राथमिक विद्यालय तहमा याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि तुलनात्मक रुपमा राम्रो रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि राम्रो हुने कारण के होला भन्ने प्रश्न २० जना शिक्षकहरुलाई सोधिएको थियो । यस विषयमा शिक्षकहरुको प्रतिक्रिया निम्न अनुसार पाईएको थियो ।

**तालिका नं. ४.२०**

**शैक्षिक उपलब्धि राम्रो हुने कारणहरुबारे शिक्षकहरुको प्रतिक्रिया**

| क्र.सं. | विवरण | शिक्षकहरु |
|---|---|---|
| १ | नियमित पठन पाठन हुनु | ११ (५५%) |
| २ | गैर याख्खाको भन्दाउमेर बढी हुनु | ४ (२०%) |
| ३ | घरमा ठूलो दाजु दिदी पढेको हुनु | ८ (४०%) |
| ४ | विद्यालय दैनिक रुपमा उपस्थित हुनु | ७ (३५%) |
| ५ | पढ्ने जोश जाँगर बढी हुनु | १० (५०%) |
| ६ | विद्यालयको शैक्षिक वातावरण राम्रो हुनु | १२ (६०%) |

(नोटः शिक्षकहरुको प्रतिक्रिया एक भन्दा बढी पाइएको थियो ।

माथिको तालिकामा याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि राम्रो हुने कारणहरु दिएको छ । उक्त प्रतिक्रिया अनुसार शैक्षिक उपलब्धि राम्रो हुने कारणहरुमा विद्यालयको पठन पाठन नियमित हुनाले भन्ने शिक्षकहरु मध्येबाट ५५ प्रतिशत पाइयो । त्यसैगरी अन्य बालबालिकाहरुको तुलनामा याख्खा बालबालिकाहरुको उमेर बढी हुनु भन्ने २० प्रतिशत शिक्षकहरु पाइयो । बालबालिकाहरुको पढ्ने रुचि हुनु भन्ने ३५ प्रतिशत साथै विद्यालयको शैक्षिक वातावरण राम्रो हुनु भन्ने ६० प्रतिशत शिक्षकहरु पाइयो । शिक्षकहरुको उक्त प्रतिक्रियाबाट बालबालिकाहरुको शैक्षिक उपलब्धि राम्रो हुने कारणहरुमा विद्यालयको पठन

पाठन राम्रो हुनु, विद्यालयमा दैनिक रुपमा उपस्थित हुनु, पढ्ने जोश जाँगर बढी हुनु, घरमा पढेको ठूलो मान्छे हुनु आदि हुन भन्न सकिन्छ ।

त्यसैगरी याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि बारेमा सूचना लिन शिक्षकहरुलाई एउटा प्रश्न सोधिएको थियो । बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर नराम्रो हुने कारणहरु के के होला ? यस विषयमा २० जना शिक्षकहरुको प्रतिक्रिया निम्न अनुसार पाइयो ।

**तालिका नं. ४.२१**

**शैक्षिक उपलब्धि नराम्रो हुने कारणहरु बारे शिक्षकहरुको प्रतिक्रिया**

| क.सं. | विवरण | शिक्षकहरु |
|---|---|---|
| १ | ठूलो परिवार | ९ (४५%) |
| २ | आर्थिक अभाव | ११ (५५%) |
| ३ | अभिभावकहरुको सहयोगको अभाव | ८ (४०%) |
| ४ | विद्यालयमा अनियमित उपस्थित हुनु | ५ (२५%) |
| ५ | शिक्षाको प्रतिफल तत्काल प्राप्त नहुनु | ३ (१५%) |
| ६ | अशिक्षित अभिभावकहरु | १३ (६५%) |
| ७ | घरायसी कामलाई जोड दिनु | १० (५०%) |

(नोटः शिक्षकहरुको प्रतिक्रिया १ भन्दा बढी पाइएको थियो ।)

माथिको तालिका अनुसार याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि राम्रो नहुने कारणहरुमा ठूलो घरपरिवार भनेर प्रतिक्रिया दिने ४५ प्रतिशत शिक्षकहरु पाइयो । अशिक्षित अभिभावकहरु भन्ने ६५ प्रतिशत, आर्थिक अभाव भन्ने ५५ प्रतिशत र घरायसी कामलाई जोड दिनु भन्ने ५० प्रतिशत शिक्षकहरु पाइयो । शिक्षाको प्रतिफल तत्काल प्राप्त नहुनु पनि शैक्षिक उपलब्धि राम्रो नहुने कारण भनि प्रतिक्रिया दिने १५ प्रतिशत शिक्षकहरु पाइयो । समग्रमा अशिक्षित अभिभावक, घरको आर्थिक अवस्था कमजोर, ठूलो परिवार, घरायसी कामलाई बढी जोड दिनु आदि कारणहरुले बालबालिकाहरुको शैक्षिक उपलब्धि नराम्रो कारणहरु हुन् भन्ने कुरा शिक्षकहरुको प्रतिक्रिया पाइएको थियो।

### ४.३.६ याख्खा बालबालिकाहरुको शैक्षिक निरन्तरताको अवस्था

याख्खा बालबालिकाहरुको शैक्षिक निरन्तरता हेर्न ५ वर्षको शैक्षिक निरन्तरता अध्ययन गरिएको थियो । यसमा २०५९ सालमा भर्ना भएका विद्यार्थीहरुको भर्ना अभिलेखलाई आधार मानिएको थियो । यसैका आधारमा कक्षा १ बाट क्रमश २, ३, ४, ५ कक्षामा कुनै पनि विद्यार्थी

निरन्तर रुपमा उत्तिर्ण भएको छ वा छैन भनी अध्ययन गरिएको थियो । याख्खा बालबालिकाहरुको शैक्षिक निरन्तरता निम्नानुसार पाईएको थियो ।

### तालिका नं. ४.२२

### कक्षा १ बाट क्रमशः २, ३, ४, ५ कक्षामा निरन्तर रुपले उत्तिर्ण हुने विद्यार्थी संख्या


| विद्यालयको नाम | जम्मा विद्यार्थी भर्ना कक्षा १ (२०५९) | | | कक्षा २ (२०६०) | | | कक्षा ३ (२०६१) | | | कक्षा ४ (२०६२) | | | कक्षा ५ (२०६३) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| अमरुवा मा.वि. | १३ | १५ | २८ | ८ | ५ | १३ | ६ | ५ | ११ | ५ | ४ | ९ | ४ | ४ | ८ |
| भगवती मा.वि. | १३ | १८ | ३१ | ९ | १४ | २३ | ७ | ११ | १८ | ६ | ८ | १४ | ६ | ५ | ११ |
| धर्मदेवी नि.मा.वि. | २१ | १४ | ३५ | १४ | १० | २४ | १० | ८ | १८ | ८ | ८ | १६ | ५ | ६ | ११ |
| दुधनाथ प्रा.वि. | १० | १४ | २४ | ७ | ११ | १८ | ६ | ७ | १३ | ५ | ६ | ११ | ५ | ४ | ९ |
| जम्मा | ५७ | ६१ | ११८ | ३८ | ४० | ७८ | २९ | ३१ | ६० | २४ | २६ | ५० | २० | १९ | ३९ |

श्रोतः विद्यालयको अभिलेख २०६३ ।

(विद्यार्थीहरुको शैक्षिक निरन्तरतालाई हेर्न २०५९ सालमा भर्ना भएका विद्यार्थीहरुलाई मात्र समावेश गरिएको थियो ।)

माथिको तालिकाबाट याख्खा बालबालिकाहरुको शैक्षिक निरन्तरतालाई विश्लेषण गर्दा अमरुवा मा.वि. मा २०५९ सालमा भर्ना कक्षा १ मा भएका २८ जना विद्यार्थीहरु मध्ये केटाहरु १३ जना र केटीहरु १५ जना पाइयो । तीनै विद्यार्थीदर क्रमशः दुई देखि पाँच कक्षासम्म पुग्दा २०६० सालमा जम्मा १३ जना २०६१ र २०६२ मा ११ र ९ जना निरन्तर रुपमा पाइयो । त्यसैगरी २०५९ मा भर्ना भएका २८ जना मध्ये ८ जनाले मात्र २०६३ सालसम्म निरन्तरता रहेको पाइयो । भगवती मा.वि. मा भर्ना भएका ३१ जना मध्ये ११ जना मात्र २०६३ सालसम्म निरन्तर रहेको पाइयो । धर्मदेवी नि.मा.वि. मा भने २०५९ सालमा ३५ जना विद्यार्थी भर्ना भएका मध्ये ११ जनाको शैक्षिक निरन्तरता पाइयो । त्यसैगरी दुधनाथ प्रा.वि. को जम्मा भर्ना २४ मध्ये ९ जनाको मात्र शैक्षिक निरन्तरता पाइयो ।

अध्ययन क्षेत्रका ४ वटै विद्यालयबाट अध्ययन गरिएको शैक्षिक निरन्तरतालाई आधारमानि तुलना गर्न संख्यात्मक रुपमा तल बहुस्तम्भमा शैक्षिक निरन्तरतालाई प्रस्तुत गरिएको छ ।




## ४.४ याख्खा बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु

अध्ययन अनुसन्धानका क्रममा प्राथमि विद्यालयहरुमा याख्खा बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु पहिचान गर्नु एउटा उद्देश्य राखिएको थियो । याख्खा बालबालिकाहरुको शैक्षिक अवस्थाका बारेमा अध्ययन गर्ने क्रममा तिनीहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु पहिचान गर्नु पनि आवश्यक थियो । याख्खा बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु पहिचान गर्न शिक्षक अभिभावक र विद्यार्थीहरु अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरी आवश्यक सूचना संकलन गरिएको थियो । उक्त विषयमा अध्ययन क्षेत्रका २० जना शिक्षक, ४० जना अभिभावकहरु र ४० जना विद्यार्थीहरुबाट प्रतिक्रिया लिइएको थियो । शिक्षक अभिभावक र विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रिया निम्नानुसार पाइएको थियो ।

## तालिका नं. ४.२३

## शैक्षिक सहभागितामा देखिएका समस्याहरु बारे शिक्षक अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया

| क्र.सं. | विवरण | शिक्षक | अभिभावक | विद्यार्थी |
|---|---|---|---|---|
| १ | भाषिक कठिनाई | १३ (६५) | २७ (६८.५) | ११ (२७.५) |
| २ | पढाइ कमजोर | ९ (४५) | ११ (२७.५) | ६ (१५) |
| ३ | बालबालिकाहरुको पढाइप्रति अभिभावकले चासो नदिनु | ११ (५५) | १२ (३०) | – |
| ४ | अभिभावकहरुमा चेतनाको कमी | १४ (६०) | – | – |
| ५ | गृहकार्य नियमित नगर्नु | १० (५०) | ८ (२०) | ८ (२०) |
| ६ | कक्षा छाड्नु र दोहोऱ्याउनु | १५ (७५) | १२ (३०) | – |
| ७ | अतिरिक्त क्रियाकलापमा सहभागि कम हुनु | ११ (५५) | ६ (१५) | ५ (१२.५) |
| ८ | विद्यालय नियमित उपस्थित नहुनु | १३ (६५) | ५ (१२.५) | ७ (१७.५) |
| ९ | घर परिवारमा पढ्ने वातावरण नहुनु | १४ (६०) | १० (२५) | ९ (२२.५) |
| १० | घरपरिवारमा निर्देशन गर्ने अभिभावकहरुको अभाव | १७ (८५) | १३ (३२.५) | ४ (१०) |
| ११ | पढाइमा मात्र पूर्ण रुपमा समय नदिनु | १० (५०) | ८ (२०) | १२ (३०) |
| १२ | बालबालिकाको शिक्षामा अभिभावकको लगानी कम हुनु | ९ (४५) | ५ (१२.५) | ३ (७.५) |
| १३ | घरको कामको व्यस्तताले पढाइमा ध्यान कम जानु | ८ (४०) | ५ (१२.५) | १० (२५) |

(नोटः शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया एक भन्दा बढी पाइएको थियो ।)

माथिको तालिका अनुसार याख्खा बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु मध्ये भाषिक कठिनाई भन्ने ६५प्रतिशत शिक्षकहरु ६८.५ प्रतिशत अभिभावकहरु र २७.५ प्रतिशत विद्यार्थीहरुको प्रतिक्रिया दिएका थिए । त्यसैगरी बालबालिकाहरुको पढाइप्रति अभिभावकले चासो नदिनु भन्ने ५५ प्रतिशत शिक्षक र ३० प्रतिशत विद्यार्थीहरु पाइयो । अभिभावकहरुमा चेतनाको कमीले शैक्षिक सहभागिता हुन नसक्ने प्रतिक्रिया ७० प्रतिशत शिक्षकहरुको पाइयो । त्यसैगरी गृहकार्य नियमित नगर्नु ५० प्रतिशत शिक्षक, २० प्रतिशत अभिभावक र २० प्रतिशत विद्यार्थीहरु पाइयो । अतिरिक्त क्रियाकलापमा कम सहभागि हुनु भन्ने

५५ प्रतिशत शिक्षक, १५ प्रतिशत अभिभावक र १२.५ प्रतिशत विद्याथीहरु पाइयो । कक्षा छाड्नु र दोहोर्‍याउनु भन्ने ७५ प्रतिशत शिक्षक र ३० प्रतिशत अभिभावकहरु पाइयो । विद्यालय नियमित उपस्थित नहुनु भन्ने ६५ प्रतिशत शिक्षक, १२.५ प्रतिशत अभिभावक र १७.५ प्रतिशत विद्यार्थी पाइयो । त्यसैगरी घरमा पढ्ने वातावरण नहुनु भन्ने ७० प्रतिशत शिक्षकहरु, २५ प्रतिशत अभिभावकहरु र २२.५ प्रतिशत विद्यार्थीहरु पाइयो । बालबालिकाहरुको पढाइमा निर्देशन गर्ने अभिभावकहरुको अभाव भन्ने ८५ प्रतिशत शिक्षक, ३२.५ प्रतिशत अभिभावक र १० प्रतिशत विद्यार्थीहरु पाइयो । विद्यार्थीको लगानीमा जोड नदिएको भन्ने ४५ प्रतिशत शिक्षक, १२.५ प्रतिशत अभिभावक र ७.५ प्रतिशत विद्यार्थीहरु पाइयो । घरायसी कामको व्यस्तताले पढाइमा ध्यान कम जानु भन्ने ४० प्रतिशत शिक्षक, १२.५ प्रतिशत अभिभावक, २५ प्रतिशत विद्यार्थीहरुको प्रतिक्रिया पाइएको थियो । शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रियाका आधारमा बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु भाषिक कठिनाई, विद्यालयको अनियमित अनुपस्थिति हुनु, पढाइलाई विद्यार्थीले राम्रो ध्यान नदिनु, गृहकार्य नियमित नगर्नु, अतिरिक्त क्रियाकलापमा सहभागि कम हुनु आदि भएको निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.५ घरधुरी सर्वेक्षण फारमबाट प्राप्त सूचनाहरुको विश्लेषण तथा व्याख्या

यस अध्ययनमा सूचना संकलनका क्रममा प्राथमिक विद्यालय उमेरका याख्खा बालबालिकाहरुको भर्नादर, कक्षा छाड्ने र दोहोर्‍याउने दर, विद्यालय सहभागितामा देखिएका समस्याहरु विद्यालय नजानुका कारणहरुको खोजि गर्न घरधुरी सर्वेक्षण फारम निर्माण र घरधुरी सर्वेक्षण गरिएको थियो । घरधुरी सर्वेक्षण गर्दा सबै (९ वटा) वडाका सर्वेक्षण गर्न असमर्थ भएका कारण ४ वटा वडा १, ३, ७ र ९ को सर्वेक्षण गरिएको थियो । ३१२ घरधुरीमध्ये २५% घरधुरी (जम्मा ७८ घर) को सर्वेक्षण गरिएको थियो । जसमा १९ बालबालिका (११ बालिका, ८ बालक) विद्यालय सेवाबाट बाहिर रहेको पाइयो । घरधुरी सर्वेक्षण गर्दा उनीहरुको पारिवारिक विवरण (योग्यता, पेशा) र आफ्ना छोराछोरी विद्यालय नजानुका कारणहरु समेत पत्ता लगाइएको थियो ।

### ४.५.१ याख्खा जातिको पारिवारिक स्थिति

यस अध्ययनमा छनौटमा परेका याख्खा समुदायको पारिवारिक स्थितिको अध्ययन गर्न छनौटमा परेका घरधुरीलाई नमूनाको रुपमा छनौट गरेर अध्ययनकर्ता स्वयं उपस्थित भई अभिभावकहरुसँग बालबालिका समस्याहरु आदिको जानकारी लिइएको थियो । जानकारीको

क्रममा उनीहरुको परिवारको आकार, पेशा, शिक्षा आदिको बारेमा समेत तथ्यांक संकलन गरिएको थियो ।

### ४.५.२ याख्खा परिवारको आकार

घरधुरी सर्वेक्षण परेका ७८ घरधुरीमध्ये २२ जना (२८.२०%) अभिभावकको परिवार संख्या ७ जना सम्म रहेको पाइयो । २८ जना (३५.८९%) अभिभावकको परिवार संख्या ६ जना रहेको पाइयो । त्यसैगरी १६ जना (२०.५१%) अभिभावकको परिवार संख्या ५ जना रहेको पाइयो भने १२ जना (१५.३८%) अभिभावकको परिवार संख्या ४ जना मात्र रहेको पाइयो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२४**

**याख्खा अभिभावकको परिवारको संख्या**

| क्र.सं. | परिवारको संख्या | घरधुरी (%) |
|---|---|---|
| १. | ७ जना भन्दा माथि | २२ (२८.२०%) |
| २ | ६ जना | २८ (३५.८९%) |
| ३ | ५ जना | १६ (२०.५१%) |
| ४ | ४ जना | १२ (१५.३८%) |

स्रोतः स्थलगत अध्ययन, २०६४ ।

निष्कर्षमा भन्नुपर्दा याख्खा समुदायमा परिवारको संख्या ठूलो रहेको पाइन्छ ।

### ४.५.३ याख्खा परिवारको पेशागत अवस्था

अभिभावकको पेशाले नै बालबालिकाको शैक्षिक स्थितिलाई प्रभाव पार्ने हुनाले घरधुरी सर्वेक्षण गर्दा अभिभावकको पेशाको पनि अध्ययन गरिएको थियो । जसलाई तलको तालिका अनुसार प्राप्त भयो ।

**तालिका नं. ४.२५**

**याख्खा अभिभावकको पेशा**

| क्र.स्रं. | पेशा | घरधुरी (%) |
|---|---|---|
| १ | कृषि | १५ (१९.२३%) |
| २ | मिस्त्रि | २७ (३४.६१%) |
| ३ | ज्यालादारी | ३६ (४६.१५%) |

स्रोतः स्थलगत अध्ययन, २०६४ ।

माथिको तालिका अनुसार यो भन्न सकिन्छ कि घरधुरी सर्वेक्षणमा परेका अभिभावकमध्ये कृषि पेशामा संलग्न १५ घरधुरी भएको पाइयो । मिस्त्रि काम २७ घरधुरीका अभिभावकले गरेको पाइयो भने ज्यालादारी गर्ने ३६ घरधुरी रहेको पाइयो ।

यसरी याख्खा समुदायमा अधिकांश घरपरिवारको पेशा ज्यालादारी गर्ने रहेको पाइयो । पेशागत रुपमा कृषि, मिस्त्री र ज्यालादारीमा काम गर्ने याख्खा परिवारहरुको आय आर्जनबाट वर्षदिन खानलाई धौ धौ पर्ने प्रतिक्रिया पाइयो ।

### ४.५.४ याख्खा बालबालिकाहरु विद्यालय नजानुका कारणहरु

छनौटमा परेका याख्खा घरधुरी सर्वेक्षण गर्दा आफ्ना छोराछोरीलाई विद्यालय नपठाउनुका विभिन्न कारणहरु रहेको पाइयो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२६**

**याख्खा बालबालिका विद्यालय नजानुका कारणहरु**

| क्र.सं. | विवरण | घरधुरी (%) |
|---|---|---|
| १ | घरपरिवार संख्या धेरै | १८ (२३.०७%) |
| २ | घरको आर्थिक अवस्था कमजोर | २० (२५.६४%) |
| ३ | नपढ्ने पनि काम गरेर खान सक्छ भन्ने धारणा | ९ (११.५३%) |
| ४ | विद्यालय समय नमिल्नु | ७ (८.९७%) |
| ५ | विद्यालय घरबाट धेरै टाढा भएर | ८ (१०.२५%) |
| ६. | चाँडो विवाह | ४ (५.१२%) |
| ७. | घरमा गर्नुपर्ने काम र पढाइको वातावरण नमिल्नु | १२ (१५.३८%) |

स्रोतः स्थलगत अध्ययन, २०६४ ।

माथिको तालिकामा यो स्पष्ट छ कि १८ घरधुरी (२३.०७%) अभिभावकहरुबाट आफ्ना छोराछोरीलाई विद्यालय नपठाउनुमा परिवार संख्या धेरै भएकाले भन्न प्रतिक्रिया पाइयो । २० (२५.६४%) घरधुरीबाट घरको आर्थिक अवस्था कमजोर रहेको पाइयो । ९ (११.५३%) घरधुरीबाट नपढ्ने पनि काम गरेर खान सक्छ भन्ने मान्यता राखेको पाइयो । ७ (८.९७%) ले घरमा गर्नुपर्ने काम र पढाइको वातावरण नमिल्नु भन्ने कुरा बताएका थिए । ८ (१०.२५%) ले विद्यालय समय नमिल्नु भन्ने प्रतिक्रिया दिएका थिए । ४ (५.१२%) ले विद्यालय घरबाट धेरै टाढा रहेकाले भनेका थिए भने १२ (१५.३८%) ले चाँडै विवाह (छोराछोरी - विशेषत छोरी) हुने भएकाले नै छोराछोरीलाई विद्यालयमा पढ्न नपठाएको भन्ने प्रतिक्रियाहरु दिएका थिए । यिनै कारणहरुले गर्दा याख्खा बालबालिकाहरु विद्यालय सेवाबाट वञ्चित रहेको कुरा घरधुरी सर्वेक्षणबाट निष्कर्ष निकाल्न सकिन्छ ।

## अध्याय - पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## (FINDINGS, CONCLUSION AND RECOMMENDATIONS)

### ५.१ प्राप्तिहरु (Findings)

१. याख्खा बालबालिकाहरुका शैक्षिक सहभागिताको स्थिति अध्ययन गर्दा केटाहरुको भर्नादर ४८.३७ प्रतिशत र केटीहरुको ५१.६२ प्रतिशत पाइयो ।

२. याख्खा बालबालिकाहरुको कक्षा छाड्ने दर ४.५३ प्रतिशत पाइयो जसमा केटाहरुको १.९४ प्रतिशत र केटीहरुको २.५९ प्रतिशत पाइयो ।

३. याख्खा बालबालिकाहरुको कक्षा दोहोऱ्याउने दर १५.७३ प्रतिशत पाइयो जसमा केटाहरुको ७.६२ र केटीहरुको ८.११ प्रतिशत पाइयो ।

४. शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया अनुसार याख्खा बालबालिकाहरुले कक्षा छाड्ने वा दोहोऱ्याउने कारणहरुमा बालबालिकाहरु विद्यालयमा नियमित रुपमा अनुत्तिर्ण हुनु, पढ्ने वातावरण उपयुक्त नहुनु, घरायसी कामको व्यस्तता, विद्यालय नियमित नजानु, बालबालिकाहरुको पढाइ कमजोर हुनु, विद्यालय नियमित नजानु, कमजोर पढाइ, आर्थिक अवस्था कमजोर, विद्यालयमा नियमित रुपमा पढाइ नहुनु आदि पाइयो ।

५. याख्खा बालबालिकाहरुको वार्षिक उपस्थिति अध्ययन तथा विश्लेषण गर्दा अमरुवा मा.वि. को ६९.४१ प्रतिशत पाइयो । जसमा केटाहरुको ६९.७४ प्रतिशत र केटीहरुको ६९.०९ प्रतिशत पाइयो । भगवती मा.वि. को ६४.६६ प्रतिशत पाइयो । जसमध्ये केटाहरुको ६५.१६ प्रतिशत र केटीहरुको ६४.१५ प्रतिशत पाइयो । धर्मदेवी नि.मा.वि. को जम्मा उपस्थिति ६८.८२ प्रतिशत पाइयो जसमा केटाहरुको ६८.७२ प्रतिशत र केटीहरुको ६८.९२ प्रतिशत पाइयो । दुधनाथ प्रा.वि. को जम्मा उपस्थिति ६५.१२ प्रतिशत रहेको पाइयो जसमा ६५.०३ प्रतिशत केटाहरुको र ६२.२२ प्रतिशत केटीहरुको उपस्थिति पाइयो ।

६. शिक्षक र अभिभावकहरुको प्रतिक्रिया अनुसार याख्खा बालबालिकाहरु दैनिक विद्यालय उपस्थित नहुनुको कारणहरुमा बालबालिकाहरुको सानो उमेर, विद्यालय टाढा हुनु, घरको कामको व्यस्तता, आर्थिक अभाव, विद्यालयमा पढ्ने उचित वातावरण नहुनु आदि पाइयो ।

७. साक्षर परिवार, आर्थिक अवस्था राम्रो भएको परिवार, संयुक्त परिवार, ठूलो कक्षामा पढ्ने दाजुदिदी भएको परिवारले बालबालिकाहरुलाई नियमित रुपमा विद्यालय पढाउने गरेको शिक्षकहरुको प्रतिक्रिया पाइयो ।

८. विद्यालय कहिले काहिं मात्र जाने कारणहरु बारे विद्यार्थीहरुको प्रतिक्रियामा घरायसी कामको व्यस्तता, पढ्न अप्ठ्यारो लाग्नु, पढाइमा चासो नहुनु, विद्यालय टाढा हुनु आदि पाइयो ।

९. विद्यालयगत याख्खा र गैरयाख्खाहरुको शैक्षिक उपलब्धि स्तर अध्ययन गर्दा अमरुवा मा.वि. को याख्खाहरुको उत्तिर्ण प्रतिशत ६५ प्रतिशत र गैर याख्खाहरुको ७२ प्रतिशत पाइयो । भगवती मा.वि. को याख्खाहरुको उत्तिर्ण प्रतिशत ६१ प्रतिशत र गैर याख्खाहरुको ७३ प्रतिशत पाइयो । धर्मदेवी नि.मा.वि. को याख्खा उत्तिर्णदर ६४ प्रतिशत र गैर याख्खाहरुको ७३ प्रतिशत पाइयो । दुधनाथ प्रा.वि. को याख्खाहरुको उत्तिर्ण दर ७४ प्रतिशत र गैर याख्खाहरुको ८० प्रतिशत पाइयो ।

१०. प्राथमिक विद्यालय तहमा याख्खा तथा गैर याख्खा बालबालिकाहरुको वार्षिक शैक्षिक उपलब्धि अध्ययन गर्दा याख्खाहरुको उत्तिर्णदर ६६.६० प्रतिशत र गैर याख्खाहरुको उत्तिर्णदर ७०.३६ प्रतिशत पाइयो । त्यसैगरी याख्खाहरुको अनुत्तिर्णदर ३२.८७ र गैर याख्खाहरुको अनुत्तिर्णदर २६.६९ पाइयो । समग्रमा याख्खा बालबालिकाहरुको भन्दा गैर याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर राम्रो पाइयो ।

११. विद्यालयमा नियमित रुपमा पठनपाठन हुनु, विद्यालयमा दैनिक रुपमा उपस्थित हुनु, विद्यालयको शैक्षिक वातावरण राम्रो हुनु, अन्य बालबालिकाहरुको भन्दा तुलनात्मक रुप्मा उमेर बढी भएका कारणले गर्दा बालबालिकाहरुको शैक्षिक उपलब्धि राम्रो हुन्छ भन्ने शिक्षकहरुको प्रतिक्रिया पाइयो ।

१२. प्राथमिक विद्यालयमा याख्खा वालवालिकाहरुको शैक्षिक निरन्तरता न्युन रहेको पाईयो ।

१३. ठूलो परिवार, आर्थिक अभाव, अभिभावकहरुको सहयोगको अभाव, विद्यालयमा अनियमित उपस्थित, शिक्षाको प्रतपिल तत्काल प्राप्त नहुनु, अशिक्षित अभिभावकहरु, घरायसी कामलाई मात्र जोड दिएको आदि कारणले बालबालिकाहरुको शैक्षिक उपलब्धि नराम्रो हुने शिक्षकहरुको प्रतिक्रिया पाइयो ।

१४. याख्खा बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याबारे शिक्षक अभिभावक र विद्यार्थीहरुले दिएको प्रतिक्रिया अध्ययन तथा विश्लेषण गर्दा भाषिक

कठिनाइ, पढाइ कमजोर, अभिभावकको चेतनाको कमि, बालबालिकाहरुको पढाइ प्रति अभिभावकले चासो नदिनु, गृहकाय नियमित नगर्नु, अतिरिक्त क्रियाकलापमा भाग नलिनु, कक्षा छाड्नु र दोहोऱ्याउनु, घर परिवारमा निर्देशन गर्ने अभिभावकको अभाव, पढाइलाइ मात्र पूर्ण रुपमा समय नदिनु, शिक्षामा अभिभावकहरुको लगानी कम हुनु, घर परिवारमा पढ्ने वातावरण नहुनु आदि पाइयो ।

## ५.२ निष्कर्ष (Conclusion)

यो अध्ययन प्राथमिक विद्यालय तहमा याख्खा बालबालिकाहरुको शैक्षिक अवस्था शीर्षकमा गरिएको थियो । यो अध्ययन संखुवासभा जिल्लाको आँखिभुई गा.वि. स. का ४ वटा वडामा सिमित गरिएको थियो । यसको मुख्य उद्देश्य प्राथमिक विद्यालय तहमा याख्खा बालबालिकाहरुको शैक्षिक सहभागिताको स्थिति पहिचान गर्नु, शैक्षिक उपलब्धि स्तर लेखाजोखा गर्नु तथा शैक्षिक सहभागितामा देखिएका समस्याहरु पहिचान गर्नु रहेको थियो । यो अध्ययनले याख्खा बालबालिकाहरुको शैक्षिक अवस्थाका बारेमा जान्न र त्यसै अनुरुपका कार्यक्रमहरु लागु गर्न सम्बन्धित पक्षहरुलाई सहयोग पुऱ्याउने छ ।

अध्ययन अनुसन्धानको क्रममा याख्खा बालबालिकाहरुको भर्नादर केटाहरुको ४८.३७ र केटीहरुको ५१.६२ प्रतिशत पाइयो । उनीहरुको कक्षा छाड्नेदर र कक्षा दोहोऱ्याउने दर क्रमश ४.५३ र १५.७३ प्रतिशत देखिन्छ । याख्खा बालबालिकाहरुले कक्षा छाड्ने र दोहोऱ्याउने कारणहरु बालबालिकाहरु विद्यालयमा बारम्बार अनुत्तिर्ण हुनु, पढ्ने वातावरण उपयुक्त नहुनु, घरायसी कामको व्यस्तता, विद्यालय नियमित नजानु, बालबालिकाहरुको पढाइ कमजोर हुनु, घरको आर्थिक अवस्था कमजोर हुनु, विद्यालयमा नियमित रुपमा पढाइ नहुनु हुन् । याख्खा बालबालिकाहरुको विद्यालय उपस्थिति अध्ययन गर्दा सबैभन्दा बढी उपस्थितिमा अमरुवा मा.वि. को ६९.४१ प्रतिशत र सबैभन्दा कम भगवती मा.वि. को ६४.६६ प्रतिशत देखिन्छ । याख्खा बालबालिकाहरुको वार्षिक शैक्षिक उपलब्धि सबैभन्दा बढी अमरुवा मा.वि. को १३८.८३ प्रतिशत र सबैभन्दा कम भगवती मा.वि. को १२९.३१ प्रतिशत देखिन्छ । बालबालिकाहरु विद्यालय दैनिक रुपमा उपस्थित नहुनुको कारणहरु बालबालिकाहरुको सानो उमेर, विद्यालय टाढा हुनु, घरको कामको व्यस्तता, आर्थिक अभाव, विद्यालयमा पढ्ने वातावरण राम्रो नहुनु हुन् । याख्खा तथा गैर याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर अमरुवा मा.वि. को याख्खाहरुको उत्तिर्णदर ६५ प्रतिशत र गैर याख्खाहरुको ४२ प्रतिशत देखिन्छ । भने भगवती

मा.वि. को याख्खाहरुको उत्तिर्ण प्रतिशत ६६ प्रतिशत र गैरयाख्खाहरुको ७३ प्रतिशत देखिन्छ । धर्मदेवी नि.मा.वि. को याख्खा उत्तिर्णदर ६४ प्रतिशत र गैर याख्खाहरुको ७३ प्रतिशत देखिन्छ । त्यसैगरी दुधनाथ प्रा.वि. को याख्खआहरुको उत्तिर्णदर ७४ प्रतिशत र गैर याख्खाहरुको ८० प्रतिशत देखिन्छ । समग्रमा याख्खहरुको भन्दा गैर याख्खा बालबालिकाहरुको वार्षिक शैक्षिक उपलब्धि अध्ययन गर्दा याख्खाहरुको उत्तिर्णदर ६६.६० प्रतिशत र गैरयाख्खाहरुको ७०.३६ प्रतिशत देखिन्छ । त्यसैगरी याख्खाहरुको अनुत्तिर्णदर ३२.८७ प्रतिशत र गैरयाख्खाहरुको अनुत्तिर्णदर २६.६९ प्रतिशत पाइयो । समग्रमा याख्खा बालबालिकाहरुको भन्दा गैर याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर राम्रो देखिन्छ । याख्खा बालबालिकाहरुको शैक्षिक सहभागितामा देखिएका समस्याहरु भाषिक कठिनाइ, पढाइ कमजोर, अभिभावकहरुको चेतनाको कमि, बालबालिकाहरुको पढाइप्रति अभिभावकहरुले चासो नदिनु, गृहकार्य नियमित नगर्नु, अतिरिक्त क्रियाकलापमा भाग नलिनु, कक्षा छाड्नु र दोहोऱ्याउनु घर परिवारमा निर्देशन गर्ने अभिभावकहरुको अभाव, पढाइलाई मात्र पूर्ण रुपमा समय नदिनु, शिक्षामा अभिभावकहरुको लगानी कम हुनु, घरपरिवारमा पढ्ने वातावरण नहुनु आदि हुन् ।

### ५.३ सुझावहरु (Recommendations)

यस अध्ययनका आधार निम्न सुझावहरु पेश गरिएको छ ।

१. याख्खा बालबालिकाहरुको भर्नादर बढाउन तथा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दर घटाउन, छात्रवृत्ति, पोशाक, प्रशंसा र हौसला बढाउने कार्यक्रमहरु संचालन गर्नुपर्दछ ।

२. विद्यालयमा याख्खाहरुको संस्कृति झल्किने खालका विभिन्न खालका सांस्कृतिक कार्यक्रमहरु गर्नुपर्दछ । जसले गर्दा याख्खा बालबालिकाहरु विद्यालयमा आउन आकर्षित बन्नेछन् ।

३. याख्खा समुदायमा बालबालिकाहरुलाई विद्यालय भर्ना नगराउने तथा विद्यालय छोडाउने जस्ता परम्परा र अन्धविश्वासलाई हटाउन समाजमा जागरण कार्यक्रम सडक नाटक साथै दण्ड र पुरस्कार प्रदान गरिने कार्यक्रमहरु संचालन गरिनुपर्दछ ।

४. बालबालिकाहरुको विद्यालय भर्नादर कक्षा छाड्ने र दोहोऱ्याउने दर बढाउन विशेष शिक्षाको व्यवस्था गरिनु पर्ने आदि ।

५. बालबालिकाहरुलाई प्रदान गरिने विभिन्न आर्थिक तथा भौतिक सहयोगलाई जेहेन्दार र सुविधाविहिन विद्यार्थीलाई निरन्तर रुपमा उपलब्ध गराउनु पर्दछ ।

६. याख्खा बालबालिकाहरुको शैक्षिक अवस्थामा सुधार ल्याउन शिक्षक तथा विद्यार्थीको सम्बन्ध पारिवारिक बनाउनु पर्दछ भने शिक्षणविधि अन्तरक्रियात्मक हुनुपर्दछ ।

७. याख्खा बालबालिकाहरुलाई विद्यालयमा नियमित उपस्थिति हुने वातावरण निर्माण गरिनु पर्दछ ।

८. याख्खा बालबालिकाहरुलाई नियमित गृहकार्य गर्ने तथा अतिरिक्त क्रियाकलापमा भाग लिन प्रोत्साहित गरिनु पर्ने ।

९. मातृभाषामा प्राथमिक विद्यालय शिक्षा प्रदान गरिने व्यवस्था कार्यान्वयन हुनुपर्ने ।

१०. विभिन जातजाति भाषा भाषिका विद्यार्थीहरु बीचमा सकारात्मक सम्बन्धको विकास हुने विद्यालयको वातावरण बनाउनु पर्ने ।

११. बालबालिकाहरुलाई विद्यालय शिक्षा किन आवश्यक छ भन्ने बारेमा अभिभावकहरुलाई चेतनामूलक कार्यक्रमहरु प्रदान गरिनुपर्ने ।

**सन्दर्भग्रन्थहरु (Bibliography)**


किराँत याख्खा छुम्मा, (२०५७) ***याख्खा बुलेटिन*** ।

जिमी, खेमहाङ, (२०५७) **छाँयामा परेको जनजाति याख्खा,** जनजाति वर्ष २, अंक २ ।

दाहाल, महेशराज, (२०५९) ***संखुवासभा जिल्लाका याख्खा जातिको सामाजिक सांस्कृतिक अध्ययन,*** (एम.ए. शोधपत्र) त्रि.वि., कीर्तिपुर ।

देवान, दुर्गामणि (२०६२) ***याख्खा भूमि,*** किराँत याख्खा स्मारिका, किराँत याख्खा हुम्मा, जिल्ला कार्य समिति, इलाम ।

गोरखापत्र, (२०५७) ***किराँत याख्खा जाति लोप हुँदै गएकोमा चिन्ता*** ।

***राष्ट्रिय जनजाति उत्थान प्रतिष्ठान स्थापना गर्ने सम्बन्धि मूल प्रतिवेदन भाग १,*** वैशाख, २०५३ ।

गुरुङ्ग, हर्क, (२००४) ***जनजाति सेरोफेरो,*** नेपाल आदिवासी जनजाति महासंघ, काठमाण्डौ ।

शर्मा, निरञ्जिवी र निर्मला (२०५८) ***शिक्षाको आधार,*** एम.के. पश्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स, भोटाहिटी, काठमाण्डौ ।

भट्टराई, बुद्धिराम (२०६१) ***प्राथमिक शिक्षामा दलित विद्यार्थीहरुको सहभागिता,*** शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

ढकाल, चुरामणि (२०६३) ***थारु छात्राहरुको प्राथमिक तहको शैक्षिक अवस्था,*** शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

***Educational Pages,*** (२०६३) नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, सानोठिमि भक्तपुर ।

**राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,** (२०४९) शिक्षामन्त्रालय ।

**शैक्षिक ज्योति राष्ट्रिय द्वैमासिक,** (२०६०) शिक्षामन्त्रालय ।

जी.सि., राधाकुमारी (२०४४) ***कास्की जिल्लाका गाइने जातीहरुको अध्ययन,*** शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

दाहाल, यज्ञरथ (२०६१) ***प्राथमिक विद्यालयमा दलित बालबालिकाहरुको शिक्षामा सहभागिता,*** शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

ढकाल, घनश्याम (२०६१) ***प्राथमिक विद्यालयमा दलितहरुको शैक्षिक अवस्थाको विश्लेषण,*** शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, यज्ञ (२०००) ***सामाजिक न्याय नेपालको सन्दर्भमा,*** प्रजातन्त्र सम्बर्द्धन केन्द्र काठमाण्डौ ।

सेरिड (२०५८), ***दुर्गम क्षेत्रका विपन्न वर्गका बालबालिकाले शिक्षाको अवसर पाउन नसक्नका कारक तत्वहरु,*** शिक्षक प्रशिक्षण निर्देशिका, त्रिपुरेश्वर, काठमाण्डौ ।

**नेपाल अधिराज्यको संविधान (२०४७)**, काठमाण्डौः कानुन किताब व्यवस्था समिति ।

खनाल, पेशल (२०६०), ***शैक्षिक अनुसन्धान पद्धति,*** स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, कीर्तिपुर, काठमाण्डौ ।

**गोरखापत्रः** २०६४ भदौ ४ शनिबार ।

**अन्नपूर्ण पोष्ट,** २०६१ चैत्र ६ आइतबार ।

**'नेपाल'** पत्रिका २०६१ ।

Best J.W. and Lahan J.V., (1999). ***Research in Education***, Prentice Hall of India, New Delhi.

CERID (1988). ***Universalization of Primary Education of Disadvantaged Population Groups***, Report of a National and of a Seminar 7-11 November, Tripureswor, Kathmandu.

CERID (1990). ***Educationally Disadvantaged Population Groups, A Study Report of Cerid,*** T.U. Kirtipur, Kathmandu.

Karl Lokesh (1997). ***Methodology of Educational Researh*** Vikash Publishing House Pvt. Ltd. New Delhi.

Patton, M. Quinn (1983). ***Qualitative Evaluation Methods*** Sage Pub. Beverly Hills, London.

Rawls, J. (1971). ***A Theory of Justice.*** Cambridge Mass: Haward University Press.

## अनुसूची - १

## विद्यार्थीहरुको उपस्थिति फारम

विद्यालयको नामः-                                                    वडा नं.:-

साल:-

| महिना | विद्यालयमा पढाइ हुने दिनहरु | कक्षा | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|---|---|
| वैशाख | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| जेठ | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| असार | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| श्रावण | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| भाद्र | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| असोज | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| कार्तिक | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| मंसीर | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| पौष | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| माघ | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| फागुन | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |
| चैत्र | | केटा | | | | | |
| | | केटी | | | | | |
| | | **जम्मा** | | | | | |

## अनुसूची - २

## घरधुरी सर्वेक्षण फारम

घरमूलीको नाम, थरः- मितिः-

उमेरः- ठेगानाः-

योग्यताः- वडाः-

पेशाः- लिंगः-

### पारिवारिक विवरण

| क्र.सं. | परिवारका सदस्यको नाम | घरमूली संगको नाता | उमेर | लिंग | योग्यता | पेशा | आय | व्यय | विद्यालय नजानुको कारण |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |

## अनुसूची - ३

विद्यालयको नामः- सालः-

### विद्यार्थी भर्ना, उत्तिर्णसंख्या, कक्षा छाड्ने र दोहोऱ्याउने विद्यार्थीहरुको विवरण फारम

| कक्षा | जम्मा भर्ना | | | परीक्षामा सहभागि | | | उत्तिर्ण | | | अनुत्तिर्ण | | | कक्षा दोहोऱ्याउने | | | कक्षा छाड्ने | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | |

# अनुसूची - ४

## अभिभावकहरुका लागि तयार पारिएको अन्तरवार्ता प्रश्नावली

अभिभावकको नामः- शिक्षाः-

उमेरः- पेशाः-

(१) तपाईका छोरा छोरी कति जना छन् ?

(२) सबै छोरा छोरीलाई विद्यालय पढाउनु भएको छ ?

(३) पढाउनु भएको छैन भने किन नपढाउनु भएको हो ?

(४) तपाईका छोरा छोरीलाई दैनिक विद्यालय पठाउनु हुन्छ ?

(५) छोरा वा छोरी मध्ये को बढी विद्यालय जान्छन् ?

(६) तपाइका छोरा छोरीले कक्षा छाडेका वा दोहोऱ्याएका छन् कि छैनन् ?

(७) कक्षा छाडेका वा दोहोऱ्याएका भए के कारणले होला ?

(८) तपाईका बालबालिका घरमा दिनको कति घण्टा अध्ययन गर्ने गरेका छन् ?

(९) कुन समयमा अध्ययन गर्ने गरेका छन् ?

(१०) बालबालिकाहरु घरमा अध्ययन गर्दा कसले सहयोग गर्छ ?

(११) तपाइका छोराछोरीहरु फुर्सदको समयमा के गर्छन ?

(१२) तपाइका बालबालिकाहरु पढाइमा कति लगनशील छन् ?

(१३) विद्यालयमा नियमित रुपमा पास गरेका छन् ?

(१४) बालबालिकाहरुको शैक्षिक उपलब्धि कस्तो छ ?

(१५) बालबालिकाहरुको शैक्षिक सहभागितामा केही समस्याहरु देखिएका छन् ?

(१६) छन् भने के के होला ?

# अनुसूची - ५

## विद्यार्थीहरुको लागि निर्माण गरिएको अन्तरवार्ता प्रश्नावली

विद्यालयको नामः- कक्षाः-

विद्यार्थीको नामः- उमेरः-

(१) तिम्रो नाम के हो ?

(२) कति कक्षामा पढ्छौ ?

(३) विद्यालय दिनदिनै जान्छौ कि कहिले काहि मात्र जान्छौ ?

(४) किन कहिले काहि मात्र जान्छौ ?

(५) तिम्रो यस पटकको परीक्षा परिणाम कस्तो भयो ?

(६) पास भयो भने के कारणले होला ?

(७) के कारणले फेल भयौ ?

(८) तिमी आफ्नो पढाइ देखि कतिको सन्तुष्ट छौ ?

(९) तिमीले आफ्नो पढाइ सुधार्नु पर्छ कि पर्दैन ?

(१०) तिमीलाई विद्यालय शिक्षकहरुले कस्तो व्यवहार गर्नु हुन्छ ?

(११) तिमीलाई साथीहरुले कतिको माया गर्छन ?

(१२) तिमीलाई विद्यालयमा केही समस्या आइपरेका छन् कि छैनन् ?

(१३) तिमीलाई विद्यालयमा आइपरेका समस्याहरु के के हुन् ?

## अनुसूची - ६

## शिक्षकहरुका लागि निर्माण गरिएको अन्तर्वार्ता प्रश्नावली

विद्यालयको नामः- सेवा अवधिः-

शिक्षकको नामः- अध्यापन गर्ने

विषयः-

योग्यताः-

(१) तपाइले यस विद्यालयमा सेवा गरेको कति वर्ष भयो ?

(२) विद्यालयमा कुन जातिका बालबालिकाहरुको सहभागिता बढी छ ?

(३) याख्खा छात्र/छात्राहरुको विद्यालय भर्ना कतिको सन्तोषजनक छ ?

(४) छात्र र छात्रा कसको बढी भर्नादर छ ?

(५) याख्खा छात्र/छात्राहरुको विद्यालयको दैनिक उपस्थिति कस्तो छ ?

(६) दैनिक उपस्थिति कसको बढी होला ?

(७) कस्तो परिवारले छोरा छोरीलाई दैनिक विद्यालय पठाउँछन् ?

(८) विद्यालयमा कक्षा छाड्ने याख्खा विद्यार्थीहरु पनि छन् ?

(९) छात्र/छात्रा मध्ये कसको कक्षा छाड्ने दर बढी छ ?

(१०) छात्र/छात्रा मध्ये कक्षा दोहोऱ्याउने संख्या कसको बढी होला ?

(११) के कारणले गर्दा कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृत्ति भएको होला ?

(१२) याख्खा छात्रछात्राहरुको वार्षिक शैक्षिक नतिजा कस्तो छ ?

(१३) राम्रो छ भने के कारणले होला ?

(१४) राम्रो छैन भने के कारणले होला ?

(१५) छात्र वा छात्राहरु मध्ये कसको राम्रो शैक्षिक नतिजा होला ?

(१६) याख्खा बालबालिकाहरुको शैक्षिक समस्याहरु छन् ?

(१७) समस्याहरु छन् भने के के होला ?

## अनुसूची - ७

### कक्षा १ बाट क्रमश २, ३, ४, ५ कक्षामा निरन्तर रुपले उत्तिर्ण हुने विद्यार्थी संख्या विवरण फारम

| क्र.सं. | विद्यार्थीको नाम | कक्षा १<br>२०५९ | कक्षा २<br>२०६० | कक्षा ३<br>२०६१ | कक्षा ४<br>२०६२ | कक्षा ५<br>२०६३ |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |
| १६ | | | | | | |
| १७ | | | | | | |
| १८ | | | | | | |
| १९ | | | | | | |
| २० | | | | | | |
| २१ | | | | | | |
| २२ | | | | | | |
| २३ | | | | | | |
| २४ | | | | | | |
| २५ | | | | | | |
| २६ | | | | | | |
| २७ | | | | | | |
| २८ | | | | | | |
| २९ | | | | | | |
| ३० | | | | | | |
| ३१ | | | | | | |
| ३२ | | | | | | |
| ३३ | | | | | | |
| ३४ | | | | | | |
| ३५ | | | | | | |
| ३६ | | | | | | |
| ३७ | | | | | | |
| ३८ | | | | | | |

## अनुसूची ९

## प्राथमिक विद्यालय तहमा याख्खा बालबालिकाहरुको शैक्षिक उपलब्धि स्तर (२०६३)

| विद्यालय नाम | कक्षा | परीक्षामा सहभागि विद्यार्थीहरु | | | | | | उत्तिर्ण विद्यार्थीहरु | | | | | | अनुत्तिर्ण विद्यार्थीहरु | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | याख्खा | | | गैरयाख्खा | | | याख्खा | | | गैरयाख्खा | | | याख्खा | | | गैरयाख्खा | | |
| | | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| अमरुवा मा.वि. | १ | १३(२३) | १५(२७) | २८ (५०) | १५(२७) | १३(२३) | २८(५०) | ९(३२) | ८(३९) | १७(६१) | ९(३२) | ११(३९) | २०(७१) | ४(१४) | ७(२५) | ११(३९) | ६(२१) | २(७) | ८(२९) |
| | २ | २५(३०) | २५(३०) | ५०(६०) | १८(२२) | १५(१८) | ३३(४०) | १५(३०) | १६(३२) | ३१(६२) | १०(३०) | ११(३३) | २१(६४) | १० (२०) | ९(१८) | १९(३८) | ८ (२४) | ४(१२) | १२(३६) |
| | ३ | १५(२२) | २८(४१) | ४२(६२) | १० (१४) | १६(२३) | २६(२८) | १०(२३) | २०(४६) | ३०(७०) | ८(३०) | ११(४२) | १९(६३) | ५(१२) | ८(१९) | १३(३०) | २(८) | ५(१९) | ७(२७) |
| | ४ | २४ (४०) | १६(२७) | ४०(६६) | ९(१५) | ११(१८) | २०(३३) | १५(३८) | १०(२५) | २५(६३) | ६(३०) | ८(४०) | १४(७०) | ९(२३) | ६(१५) | १५(३८) | ३(१५) | ३(१५) | ६(२०) |
| | ५ | १६(२९) | १५(२७) | ३१(५५) | १५(२७) | १० (१८) | २५(४५) | ११(३५) | १०(३२) | २१(६८) | १२ (४८) | ९(३६) | २१ (८४) | ५(१६) | ५(१६) | १०(३२) | ३(१२) | १(४) | ४(१६) |
| | १-५ | २९% | ३०% | ५९% | २१% | २०% | ४१% | ३२% | ३३% | ६५% | ३४% | ३८% | ७२% | १७% | १९% | ३५% | १६% | ११% | २८% |
| भगवती मा.वि. | १ | १९(३१) | २५ (४०) | ४४ (७१) | ११(१८) | ७(११) | १८(२९) | १०(२३) | १६(३६) | २६(५९) | ७(३८) | ५(२८) | १२(६७) | ९(२०) | ९(२०) | १८(४१) | ४(२२) | २(१०) | ६(३३) |
| | २ | १७(३०) | १८(३२) | ३५(६१) | १०(१८) | १२(२१) | २२(३९) | १३(३७) | १२(३४) | २५(७१) | ८(३६) | ८(३६) | १६(७३) | ४(११) | ४(११) | ८(२३) | ६(२७) | ४(१८) | १० (४५) |
| | ३ | १०(२४) | ११(२७) | २१(५१) | ९(२२) | ११(२७) | २० (४९) | ७(३३) | ८(३८) | १५(७१) | ७(३५) | ९(४५) | १६(८०) | ३(१४) | ३(१४) | ६(२८) | २(१०) | २(१०) | ४(२०) |
| | ४ | १४(३०) | १०(२१) | २४(५१) | १३(२८) | १०(२१) | २३(४९) | १० (४२) | ७(२९) | १७(७१) | १०(४३) | ६(२६) | १६(७०) | ४(१७) | ३(१३) | ७(२९) | ३(१३) | ४(१७) | ७(३०) |
| | ५ | १३(२९) | ९(२०) | २२(४९) | ८(१८) | १५(३३) | २३(५१) | ७(३२) | ६(२७) | १३(५८) | ७(३०) | १०(४३ ) | १७(७४) | ६(२७) | ३(१४) | ९(४१) | १(४) | ५(२२) | ६(३६) |
| | १-५ | २९% | २८% | ५७% | २१% | २३% | ४३% | ३३% | ३३% | ६६% | ३१% | ३६% | ७३% | १८% | १४% | ३२% | १५% | १६% | ३१% |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धर्मदेवी नि.मा.वि. | १ | १५(३२) | १७(३५) | ३२(६५) | ८(१६) | ९(१८) | १७(३५) | ८(२५) | १०(३१) | १८(५६) | ५(२९) | ६(३५) | ११(६५) | ७(२२) | ७(२२) | १४ (४४) | ३(१८) | ३(१८) | ६(३५) |
| | २ | १०(२१) | ९(१९) | १९(४०) | १३(२८) | १५(३१) | २८(६०) | ७(३७) | ४(२६) | १२(६३) | ९(३२) | १०(३६) | १९(६८) | ३(१६) | ४(२१) | ७(३७) | ४(१४) | ५(१८) | ९(३२) |
| | ३ | १२(२१) | ८(१७) | २०(४३) | १४(३०) | १२(२६) | २६(५३) | ८(४०) | ६(३०) | १४ (७०) | १०(३८) | १०(३८) | २०(७७) | ४(२०) | २(१०) | ६(३०) | ४(१५) | २(८) | ६(२३) |
| | ४ | ९(१९) | १३(२८) | १२(४७) | १७(३६) | ८(१७) | २५(५३) | ७(३२) | ८(३६) | १५(६८) | १२ (४८) | ६(२४) | १८(७२) | २(९) | ५(२३) | ७(३२) | ५(२०) | २(८) | ७(२८) |
| | ५ | ८(१९) | ८(१९) | १६(३८) | ११(२६) | १५(३२) | २६(६२) | ६(३७) | ४(२५) | १०(६२) | १०(३८) | ११(४२) | २१(८१) | २(१२) | ४ (२५) | ६(३७) | २(८) | ४(१५) | ६(२३) |
| | १-५ | २३% | २४% | ४७% | २७% | २६% | ५३% | ३४% | ३०% | ६४% | ३७% | ३५% | ७३% | १६% | २०% | ३६% | १५% | १३% | २८% |
| दुधनाथ प्रा.वि. | १ | २०(३६) | १८(३३) | ३८(६९) | ७(१३) | १० (१८) | १७(३१) | १४(३७) | १३(३४) | २७(७१) | ५(२९) | ६(३५) | ११(६५) | ६(१६) | ५(१३) | ११(२९) | २(१२) | ४ (२४) | ६(३५) |
| | २ | १६(४०) | १४(३५) | ३०(७५) | ४(१०) | ६(१५) | १०(२५) | ११(३७) | १०(३३) | २१(७०) | ४(४०) | ५(५०) | ९(९०) | ५(१७) | ४(१३) | ५(३०) | – | १(१०) | १(१०) |
| | ३ | १०(२६) | १९(५०) | २९(७६) | ५(१३) | ४(११) | ९(१४) | ८(२८) | १४(४८ ) | २२(७६) | ४(४४) | ४(४४) | ८(८९) | २(७) | ५(१७) | ७(२४) | १(११) | – | १(११) |
| | ४ | १२(२९) | १४(३४) | २६(६३) | ८(२०) | ७(१७) | १५(३७) | ९(३५) | ११(४२) | २०(७७) | ६(४०) | ५(३३) | ११(७३) | ३(१२) | ३(१२) | ६(२३) | २(१३) | २(१३) | ४(२७) |
| | ५ | ९(३०) | ८(२७) | १७(५७) | ८(२७) | ५(१७) | १३(४३) | ७(४१) | ६(३५) | १३(७६) | ७(५४) | ४(३१) | ११(८५) | २(१२) | २(१२) | ४(२४) | १(८) | १(८) | २(१५) |
| | १-५ | ३२% | ३६% | ६८% | १७% | १६% | ३०% | ३६% | ३८% | ७४% | ४१% | ३९% | ८०% | १२% | १३% | २६% | ९% | ११% | २०% |

स्रोतः विद्यालयको अभिलेख